का.जि.प्र.का.द.नं. १००/०५९/६०
२४ साउन २०८२
शनिबार
9 August 2025
Saturday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक
ईपेपर हेर्नु

वर्ष २३, अंक १८८ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

कांग्रेस १५औं महाधिवेशन

# संवैधानिक सहुलियत कुर्दा वैधतामाथि प्रश्न

*विधानअनुसार एक वर्ष थप्दा २०८३ मंसिरमा महाधिवेशन हुनुपर्छ । तर संवैधानिक सहुलियतअनुसार अझै ६ महिना थप्दा २०८४ को असारमा महाधिवेशन गरिसक्नुपर्छ । तर २०८४ सालमा स्थानीय तहको निर्वाचन र सोही वर्षको मंसिरमा आवधिक निर्वाचन गर्नुपर्ने भएकाले पार्टीको महाधिवेशन अनिश्चित देखिन्छ । यस अवस्थामा पार्टीको वैधतामाथि नै प्रश्न उठ्नेछ ।*



क्रियाशील सदस्यता अपडेटिङ हुनुपर्‍यो, नयाँलाई दिनुपर्‍यो, मौलिक कुरा पूरा हुनुपर्‍यो, त्यो गर्दै नगर्ने ? अनि टाइममा महाधिवेशन हुनुपर्‍यो भनेर पदमै बसेर कराएर मात्रै हुन्छ ?

● **प्रकाशमान सिंह**
पूर्वउपसभापति



**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २३ साउन

आफूलाई लोकतन्त्रको मियो ठान्ने संसदको पहिलो ठुलो दल नेपाली कांग्रेसले समयमा नियमित महाधिवेशन गर्न नसक्ने भएको छ। पार्टी नेतृत्वले आफूअनुकूल नहुँदासम्म १५औं महाधिवेशनलाई पछि धकेल्ने योजना बनाइरहेको छ । नेतृत्वको वरिपरि रहेका नेताहरूले समेत सो योजनालाई स्वीकृत गर्ने तयारी गरिरहँदा महाधिवेशन अनिश्चित बन्ने सङ्केत देखिएको हो ।

कांग्रेसको विधानअनुसार चार वर्षमा नियमित महाधिवेशन हुनुपर्नेछ । तर सभापतिले एक वर्ष थप गर्न पाउने व्यवस्था गरेको छ । विधानअनुसार थप गरिएको समयसमेत गरी पाँच वर्षभित्रमा महाधिवेशन गर्नैपर्नेहुन्छ। यदि विशेष परिस्थितिजन्य कारण देखाई पाँच वर्षमा पनि महाधिवेशन गर्न नसके नेपालको संविधानले ६ महिनाको सहुलियत दिएर साढे पाँच वर्षभित्र महाधिवेशन गर्नुपर्छ, नत्र निर्वाचन आयोगबाट पार्टी नै खारेजीको अवस्थामा पुग्छ ।

नियमित महाधिवेशन समयमै गराउने प्रतिबद्धतासहित पार्टीको उपल्लो तहमा निर्वाचित नेतासमेत समयमै महाधिवेशन गराउने तयारीमा जुटेको देखिँदैन । महाधिवेशनको मुख्य जग क्रियाशील सदस्यता नवीकरण र वितरण प्रक्रियासमेत नेताहरूले पछि सार्दै आएका छन् । नियमित महाधिवेशन समयमा हुँदा २०८२ मंसिरमा पार्टीको १५औं महाधिवेशन गर्नुपर्ने हुन्छ । तर त्यो सम्भावना पूर्णतया: टरिसकेको छ । बरु सो मितिसम्म पार्टीको सदस्यता नवीकरणका लागि थपिएको नेपाली कांग्रेसका नेताहरू बताउँछन् ।

यस अवस्थामा आवधिक निर्वाचन र आवधिक महाधिवेशनको वकालत गर्ने दल कांग्रेसले आफ्नै महाधिवेशन गर्न किन हिचकिचाइरहेको छ भन्ने आमप्रश्न उठेको छ । पार्टीको मूल नेतृत्व सभापति शेरबहादुर देउवा एमाले अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीसँगको सत्ता सहयात्राको सम्झौताअनुसार २०८३ असारमा प्रधानमन्त्री बन्ने र त्यसपछि महाधिवेशनको तयारी गर्ने पक्षमा छन् । युवा महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्माले पनि सभापतिको योजनालाई स्वीकार गरेका छन् । यद्यपि, उनीहरू कुनै हालतमा पार्टीको महाधिवेशन समय पृष्ठ २ मा



केन्द्रीय कार्यालयमा दुई दिन पनि बस्न नसक्ने पदाधिकारीहरूले महाधिवेशनको तयारी कसरी गर्नुभएको होला भन्ने आमकांग्रेसका नेताकार्यकर्ताको चिन्ता र चासो छ ।

● **नैनसिंह महर**
केन्द्रीय सदस्य

# नेपालबाहिर पनि जासुस राख्दै सरकार

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २३ साउन

*प्रस्तावित व्यवस्था ऐनमा रूपान्तरित भए नेपालबाहिर पनि राष्ट्रिय अनुसन्धान विभागले जासुस राख्न पाउँछ । त्यस्तो जासुसबाट मुलुकको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय सुरक्षा, राष्ट्रिय हित, राष्ट्रिय एकता र स्वाधीनताको संरक्षण र संवर्धनका लागि आवश्यक बाह्य गुप्तचरी तथा अनुसन्धान गराउँछ ।*

सरकारले नेपालबाहिर समेत जासुस राख्नेगरी ऐन बनाउन लागेको छ । यस निम्ति प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय 'राष्ट्रिय गुप्तचर (इन्टेलिजेन्स) तथा अनुसन्धानका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक'को मस्यौदा तयार पारेको छ । सर्वसाधारणको रायका लागि सार्वजनिक गरिएको मस्यौदाको परिच्छेद ४ मा गुप्तचरी तथा अनुसन्धानसम्बन्धी व्यवस्था छ ।

विधेयकको दफा १२ को उपदफा १ मा भनिएको छ, 'नेपाल सरकारले मुलुकको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय सुरक्षा, राष्ट्रिय हित, राष्ट्रिय एकता र स्वाधीनताको संरक्षण र संवर्धनका लागि आन्तरिक र बाह्य गुप्तचरी तथा अनुसन्धान कार्य गराउनेछ।'

यो कार्य राष्ट्रिय अनुसन्धान विभागले गर्नेछ । नेपाल सरकार वा विभागको अनुमतिबिना देशबाहिर गुप्तचरीसम्बन्धी कार्य कसैले गर्न अरूले पाउँदैन ।

देशबाहिर अनुसन्धान वा सूचना संकलन गर्दा सूचनामा पहुँच, संकलन, प्रशोधन, अध्ययन तथा विश्लेषण गरी अनुसन्धान गर्ने वा प्रमाण संकलन गर्ने अधिकार विभागलाई दिने प्रस्तावित व्यवस्था छ ।

राष्ट्रिय अनुसन्धान विभागले विभागले कुनै संघ, संस्था, समूह वा व्यक्तिले नेपाल राज्यविरुद्ध वा राष्ट्रिय सुरक्षा, सरोकार वा चासोसँग सम्बन्धित विषयमा सूचना संकलन गर्न वा गराउन सक्नेछ ।

दफा १४ मा पनि प्रतिगुप्तचरी सम्बन्धी कार्य छ । प्रतिगुप्तचरी (काउन्टर इन्टेलिजेन्स)सम्बन्धी कार्य गर्न विभाग मातहत एक विशिष्टीकृत कार्यालय रहने व्यवस्था प्रस्तावित छ । विधेयकअनसार प्रतिगुप्तचरीसम्बन्धी कार्य आवश्यकताअनुसार रक्षात्मक, प्रतिरक्षात्मक वा प्रतिकारात्मक हुनेछ ।

यस प्रस्तावित व्यवस्था ऐनमा रूपान्तरित भए नेपालबाहिर पनि राष्ट्रिय अनुसन्धान विभागले जासुस राख्न पाउँछ । त्यस्तो जासुसबाट मुलुकको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय सुरक्षा, राष्ट्रिय हित, राष्ट्रिय एकता र स्वाधीनताको संरक्षण र संवर्धनका लागि आवश्यक बाह्य गुप्तचरी तथा अनुसन्धान गराउँछ ।

हाल प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहेको यो विधेयकको मस्यौदा अगाडि बढ्न कानुन न्याय पृष्ठ २ मा

# को बढी राजावादी !

**शिव विक/मध्यान्ह**
काठमाडौं, २३ साउन







राजासहितको हिन्दुराज्य अभियानलाई राजनीतिक एजेन्डा बनाएको राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)मा 'को बढी राजावादी ?' भन्ने होड चलेको छ। यही होडबाजीमा उत्रिएका नेताहरू अहिले दुई ध्रुवमा विभाजित छन् । राणा परिवारदेखि पूर्वपञ्च र पूर्वराजपरिवार निकटहरूको दल राप्रपामा अहिले पार्टी अध्यक्ष राजेन्द्र लिङ्देन र महामन्त्री धवल शमशेर राणा समूहबीच तनावको स्थिति बनेको हो ।

*राजा फर्काउने अभियानको आन्दोलनमा पूर्वपञ्च नवराज सुवेदी नेतृत्वको 'राजसंस्था पुनर्स्थापनाका लागि संयुक्त जनआन्दोलन समिति'ले गत चैत १५ मा तीनकुनेमा गरेको प्रदर्शनमा पार्टी अध्यक्ष लिङ्देनले सहभागी नहुन दिएको निर्देशनका बाबजुत महामन्त्री धवल र उपाध्यक्ष रवीन्द्र मिश्र सहभागी भएका थिए । त्यसदेखि नै राप्रपाभित्र पसेको विवाद अहिले चरम चुलीमा पुगेको छ ।*

दुवै समूहले छुट्टाछुट्टै भेला राखेर निर्मलनिवासलाई आफूले बढी 'राजावादी एजेन्डा' बोकेको देखाउने दाउमा नेताहरू लागेका छन् । राप्रपाको पछिल्लो घरझगडाका सन्दर्भमा पूर्वराजा ज्ञानेन्द्र शाहले समेत चासोका साथ हेरेका छन् । गत शनिबार ललितपुरको सानेपामा हिमानी कोष र इन्टरनेसनल क्लबको सहकार्यमा भएको एक कार्यक्रममा पूर्वराजा शाहसहित राजापरिवारका सदस्य र राजावादी जम्मा भएका थिए। सो कार्यक्रममा सहभागी राप्रपाको प्रवक्ताबाट निस्कासित सगुन सुन्दर लावतीलाई पूर्वराजाले पार्टीभित्रको आन्तरिक विवादका विषयमा चासो राखेका थिए । संक्षिप्त भेटका क्रममा शाहसँग लावतीले पनि पार्टीको पछिल्लो समस्याका विषयमा जानकारी गराएको नेताहरूले बताएका छन् ।

पूर्वराजाले पार्टीमा पछिल्लोपटक भएका झगडाका विषयमा चासो राखेपछि राप्रपामा राजानिकट बन्ने प्रतिस्पर्धा अझै बढ्ने अवस्था देखिएको राप्रपाका एक नेताले मध्यान्हसँग बताए । शाहले बेलाबखत राप्रपाका नेताहरूलाई बोलाएर डिनर लन्च गर्दै आएका छन् । राप्रपाको गत महाधिवेशनमा पूर्वराजा शाहनिकट बन्ने दौडमा लागेका कमल थापा र राजेन्द्र लिङ्देनबीच नेतृत्वमा प्रतिस्पर्धा थियो ।

पार्टी अध्यक्षमा लिङ्देनले बाजी मारेपछि पराजय बेहोरेका कमल थापाले पूर्वराजा शाहमाथि आफूलाई हराउन प्रयोग भएको आरोप लगाएका थिए । 'आफूलाई हराउन निर्मल निवास नै लाग्यो,' उनले भनेका थिए, 'अहिलेसम्म राजाको पक्षमा लागेर हिन्दुराज्यसहितको राजसंस्थाको मुद्दा उठाएबापत मलाई हराउन निर्मल निवाससमेत लागेको पाएको छु ।' त्यसपश्चात् कमल थापाले पार्टीको सदस्यता त्याग गरी राप्रपा नेपालको अध्यक्ष छन् । थापाको भनाइलाई सही मान्ने हो भने लिङ्देनले पूर्वराजा शाहको मन जितेर राप्रपाको अध्यक्ष हात पारेका थिए ।

यद्यपि उनी लिम्बुको छोरा भएर हिन्दुराज्यसहितको राजसंस्थाको विषयमा अडिग उभिनु उनको जितको एउटा महत्वपूर्ण कारण रहेको त्यसबेला नै राजनीतिक पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# मलेसियामा विदेशी श्रमिकको तलब र सञ्चय कोषबारे नयाँ बहस सुरु

**तिलोचन गौतम/मध्यान्ह**
क्वालालम्पुर, २३ साउन

मलेसियाका एक सांसदले विदेशी कामदारलाई बढेको तलब दिन नहुने र अक्टोबर महिनाको तलबदेखि अनिवार्य रूपमा मासिक तलबको २ प्रतिशत कर्मचारी सञ्चय कोष (इपिएफ)मा योगदान गर्नु नपर्ने अभिव्यक्त दिएपछि नयाँ बहसको सुरुवात भएको छ ।

आगामी अक्टोबरदेखि तलबको नयाँ नियम घरेलु श्रमिकहरूबाहेक वैध राहदानी र मलेसियाको आप्रवासन विभागबाट जारी गरिएको वर्क पर्मिट भएका सबै विदेशी श्रमिकहरूमा लागू हुने यसअघि सार्वजनिक भएको थियो ।

तर डिएपीका सांसद लिम गुआन एङले संसद्मा मलेसिया कुनै पनि अन्तर्राष्ट्रिय श्रम सम्मेलनहरूद्वारा त्यसो गर्न बाध्य नभएको भनाइ राखेका थिए । उनले भनेका छन्, 'सरकारले विदेशी कामदारहरूका लागि न्यूनतम ज्यालाका साथै कर्मचारी भविष्य कोष योगदान लागू गर्न आवश्यक छैन ।'

हालसम्म स्वेच्छिक रहेको इपिएफमा योगदानको उक्त नीति मलेसियाको श्रम बजारमा समता र निष्पक्षता प्रवर्धन गर्ने उद्देश्यले विदेशी श्रमिकहरूका लागि पनि अनिवार्य गरिएको हो । केही रोजगारदाताहरूले तलब बढाउँदा कम्पनीमाथि आर्थिक भार थपिएको र सञ्चय कोषमा योगदान गर्दा कम्पनीहरू आर्थिक भारमा पर्ने तर्क गर्दै आएका छन् । तर मलेसियाको मानव अधिकारवादी गैरसरकारी संस्थाहरूले विदेशी कामदारका लागि सञ्चय कोषमा रोजगारदाताको योगदान न्यायोचित भएको भन्दै लविङ गरिरहेका छन् ।

विदेशी कामदारको पक्षमा आवाज उठाउँदै आएको गैरसरकारी संस्था तेनागानिताले विदेशी कामदारहरूका लागि ज्याला र पारिश्रमिकसम्बन्धी लिमको हालैको भनाइको आलोचना गरेको छ ।

तेनागानिताका कार्यकारी निर्देशक ग्लोरिन दासले लिमको भनाइ अप्रासंगिक भएको र विदेशी कामदारहरूको शोषणकारी रोजगारी अभ्यासहरूलाई वैधानिकता दिने प्रकारको रहेको बताइन् । उनले भनिन्, 'आप्रवासी कामदारहरू सुरक्षा, निर्माण, वृक्षारोपणदेखि खाद्य प्रशोधन र सफाइ सेवाहरूसम्म मलेसियाका प्रमुख उद्योगहरूको मेरुदण्डका रूपमा रहेका छन् । उनीहरूलाई संरक्षण अति आवश्यक छ ।'

मलेसियामा विदेशी कामदारले 'थ्री डी' अर्थात् खतरनाक, फोहोर र कठिन कामहरू गर्नुपर्ने अवस्था पृष्ठ २ मा

## चितवनमा दर्ताबिनाका कन्सल्टेन्सी र ल्यांग्वेज सेन्टर बन्द गर्न निर्देशन

**चितवन/रासस–** शैक्षिक परामर्श तथा भाषा प्रशिक्षण सञ्चालन गर्दै आएका चितवनका ४५ वटा संस्था बन्द गर्न निर्देशन दिइएको छ । जिल्ला प्रशासन कार्यालयले सूचना जारी गर्दै शिक्षा विकास तथा प्रविधि मन्त्रालय तथा बागमती प्रदेश सामाजिक विकास मन्त्रालयबाट अनुमति प्राप्त नगरेका त्यस्ता संस्था बन्द गर्न प्रहरीलाई निर्देशन दिएको हो ।

प्रमुख जिल्ला अधिकारी प्रकाश पौडेलका अनुसार कार्यालयले जारी गरेको सूचनामा आवश्यक कागजपत्र बुझाउन नआएका केन्द्रहरूलाई बन्द गर्न भनिएको छ। प्रजिअ पौडेलले भने, 'जिल्ला प्रहरीमा पत्र पठाइसकेका छौं । अब आवश्यक काम कारबाही प्रहरीले गर्छ ।' पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
२४ साउन २०८२ शनिबार
9 August 2025 Saturday

# न्यायाधीश नियुक्तिमा बारको आपत्ति




**काठमाडौं/मस-** नेपाल बार एशोसिएसनले संशोधित नियमावली खारेज नभएसम्म न्याय परिषद्बाट हुने कुनै पनि नियुक्तिलाई स्वागत नगर्ने जनाएको छ ।

बारका महासचिव केदारप्रसाद कोइरालाले शुक्रबार जारी गरेको विज्ञप्तिमा बिहीबार न्याय परिषद्ले उच्च अदालतका लागि गरेको २७ जना न्यायाधीश नियुक्तिको सिफारिसप्रति ध्यानाकर्षण जनाउँदै उक्त नियुक्तिलाई स्वागत नगर्ने जनाएको छ ।

'न्याय परिषद्को संशोधित र विभेदलाई प्रश्रय दिने नियमावली तत्काल खारेज हुनुपर्ने, न्यायाधीश नियुक्तिका लागि पारदर्शी, वस्तुनिष्ठ र पूर्वानुमानयोग्य मापदण्ड निर्धारण गरिनुपर्ने र संविधानको मर्मबमोजिम समानुपातिक समावेशी सिद्धान्तलाई पूर्णतः कार्यान्वयन गरिनुपर्ने हाम्रो अविचलित माग हो', विज्ञप्तिमा भनिएको छ, 'यो माग पूरा नभएसम्म र उक्त संशोधित नियमावली खारेज नभएसम्म न्याय परिषद्बाट हुने कुनै पनि नियुक्तिलाई नेपाल बार एशोसिएसनले स्वागत गर्दैन ।'

बारले न्याय प्रणालीको एक अभिन्न अंग र सरोकारवालामात्र नभई न्याय परिषद्को एक महत्वपूर्ण साझेदार भएको उल्लेख गरेको छ । विज्ञप्तिमा भनिएको छ, 'यति महत्वपूर्ण र दूरगामी असर पार्ने निर्णय गर्दा परिषद्ले बारको सरोकारलाई पूरै बेवास्ता गरेको छ, यो सहकार्य र पारदर्शिताको सिद्धान्तविपरीत छ, यस्ता अभ्यासले स्वेच्छाचारितालाई बढावा दिन्छ ।'

न्यायाधीशको पद सार्वजनिक विश्वासको धरोहर भएको हुनाले जुन योग्यता र क्षमताको आधारमा प्रदान गरिनुपर्ने बारले जनाएको छ । विज्ञप्तिमा भनिएको छ, 'थुप्रै सुधारका प्रतिबद्धता व्यक्त गरिएको न्यायिक सुधारको प्रतिवेदनहरु केवल देखाउने आलङ्कारिक दस्तावेजमात्र भएका छन्, त्यसको कार्यान्वयनमा जिम्मेवार पक्ष उदासिन देखिन्छ ।'

बारले यो नियुक्तिले नेपालको संविधानले परिकल्पना गरेको समानुपातिक समावेशी राज्यको मर्म र भावनालाई पूर्णतः बेवास्ता गरेको दाबी गरेको छ । 'न्यायपालिकाजस्तो महत्त्वपूर्ण अंगमा महिला, विभिन्न भौगोलिक क्षेत्र, वर्ग र समुदायको अर्थपूर्ण प्रतिनिधित्व सुनिश्चित हुनुपर्नेमा यो नियुक्तिले त्यसलाई अस्वीकार गरेको छ', विज्ञप्तिमा भनिएको छ, 'यस्तो असन्तुलित नियुक्तिले न्यायपालिकामाथि सबैको समान पहुँच र अपनत्वको भावनामा गम्भीर चोट पुऱ्याएको छ । न्याय प्रणालीप्रतिको विश्वासलाई कमजोर बनाएको छ ।'

# विदेशमा रहेका नेपालीलाई मताधिकारको व्यवस्था गर्न रास्वपाले अभियान चलाउने





**काठमाडौं/मस-** राष्ट्रिय स्वतन्त्र पार्टीले विदेशमा रहेका नेपाली नागरिकहरुका लागि मताधिकारको व्यवस्था गर्न सरकार र सम्बन्धित निकायहरुको ध्यानाकर्षण गराउन अभियान सञ्चालन गर्ने भएको छ ।

शुक्रबार पार्टी केन्द्रीय कार्यालय चःमतिमा बसेको पार्टीको केन्द्रीय कमिटी बैठकले यस्तो निर्णय गरेको हो । बैठकले विदेशमा रहेका नेपाली नागरिकहरुका लागि मताधिकारको व्यवस्था गर्न सरकार र सम्बन्धित निकायहरुको ध्यानाकर्षण गराउने अभियान सञ्चालन गर्ने निर्णय गरेको प्रवक्ता मनिष झाले बताए । त्यस्तै पार्टी सभापति रवि लामिछानेका लागि जनताको हस्ताक्षर अभियानलाई देशव्यापी रुपमा प्रभावकारी बनाउन केन्द्रीय समितिको तर्फबाट संगठन निर्माणका हरेक गतिविधि सँगसँगै प्रभावकारी बनाइने समेत निर्णय भएको बताए ।

पार्टीको संस्थापक केन्द्रीय सदस्य इश्रामुल्ला मियालाई केन्द्रीय सदस्यको जिम्मेवारी पुनः दिने निर्णय गरेको उनले बताए ।

उनले पार्टीले सम्पादन गर्नुपर्ने विभिन्न रणनीतिक कार्यहरू सम्पादन गर्नका लागि रणनीतिक समूहहरू गठन गर्ने र पार्टीको संगठन वडादेखि जिल्ला हुँदै प्रदेश र केन्द्रसम्म सशक्त बनाउन र आवश्यक सबलीकरणका लागि केन्द्रीय समितिका सबै सदस्यहरू तथा केन्द्रीय विभागका सबै सदस्यहरूलाई जिल्ला जिल्लामा परिचालन गर्ने निर्णय गरेको पनि बताए । रवि लामिछानेका लागि राजनीतिक, कानुनी, प्रशासनिक तवरमा न्यायका लागि प्रयास जारी राख्ने तर जनताको अदालतबाट न्याय पाइने उनले बताए ।

# मुख्यमन्त्री बानियाँले साउन २७ गते विश्वासको मत लिने



**मकवानपुर/मस-** बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले प्रदेशसभाको साउन २७ गते अपराह्न ४:०० बजे बस्ने बैठकमा सरकारको तर्फबाट विश्वासको मत लिने भएका छन् ।

मुख्यमन्त्री बानियाँले प्रदेशसभाको बैठकमा विश्वासको मत प्राप्त गर्ने प्रस्ताव पेस गर्न आवश्यक व्यवस्था मिलाइदिनुहुन भनी प्रदेशसभा सचिवालयमा शुक्रबार सूचना दर्ता गराएका प्रदेशसभाका सचिव रामकुमार पौडेलले जानकारी दिए ।

उनले प्रदेशसभाका एक सय १० जना सदस्यलाई साउन २७ गते बस्ने बैठकमा उपस्थित हुन सूचना पठाइसकिएको पनि उल्लेख गरे । गत साउन १८ गतेदेखि लागू हुनेगरी बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामाले प्रदेश प्रमुख दीपकप्रसाद देवकोटालाई राजीनामा पेस गरेका थिए ।

नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलका नेता इन्द्रबहादुर बानियाँलाई प्रदेशसभाको बहुमत ६४ जना सदस्यको समर्थन प्राप्त गरी गत साउन २० गते प्रदेश प्रमुख देवकोटाले मुख्यमन्त्रीमा बानियाँलाई नियुक्त गर्नु भइ उनकै अध्यक्षतामा नौ सदस्य मन्त्रिपरिषद् गठन गरिएको थियो । नेपाली कांग्रेस र नेकपा (एमाले) को गठबन्धनबाट मुख्यमन्त्रीमा बानियाँ नियुक्त भएका थिए ।

# बाँझो जग्गा उपयोगमा ल्याइँदै




**सुदूरपश्चिम/मस-** सुदूरपश्चिम प्रदेशमा बाँझो राखिएको खेतीयोग्य जग्गालाई व्यावसायिक कृषिका लागि प्रयोगमा ल्याउन थालिएको छ ।

बाँझो जग्गा उपयोगमा ल्याउने प्रदेश सरकारको नीतिबमोजिम यस्तो जग्गा उपयोग गरेर व्यावसायिक कृषि गरिरहेका कतिपय कृषकलाई गत आर्थिक वर्षमा अनुदान दिइएको छ ।

बाँझो जग्गालाई उपयोगमा ल्याउने क्रममा कञ्चनपुरको पुनर्वास क्षेत्रमा दशकौंदेखि बाँझो रहेको राष्ट्रिय आवास कम्पनी लिमिटेडको झन्डै ५५ बिघा जग्गा भाडामा लिएर कृषि कार्यका लागि उपयोगमा ल्याइएको छ ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव शंकर साहले बाँझो रहेको उक्त कम्पनीको जग्गा मन्त्रालयले भाडामा लिएर स्थानीय कृषक समूह, सहकारी संस्थालाई ठेक्कामार्फत उपलब्ध गराई व्यावसायिक कृषिको काममा प्रयोगमा ल्याइएको बताए ।

उनले भने, 'उक्त कम्पनीको भाडामा लिइएको जग्गामध्ये पाँच बिघा जग्गा कृषि अनुसन्धान निर्देशनालय (नार्क)लाई उपलब्ध गराएर उसले कृषि अनुसन्धानसम्बन्धी कार्य गरिरहेको छ, अरू जग्गा कृषक समूह, सहकारी, फार्मलाई व्यावसायिक कृषि गर्न ठेक्कामार्फत दिइएको छ ।'

प्रदेशका अन्य जिल्लामा बाँझो रहेको अन्य ठाउँको जग्गालाई पनि कृषि काममा उपयोगमा ल्याउन लागिएको छ । यस्तो जग्गामा व्यावसायिक कृषि गरिरहेका कृषकलाई सरकारले अनुदान रकम उपलब्ध गराउने गरेको छ । जग्गामा तोकिएको कुल भाडा रकममध्ये ५० प्रतिशतसम्म अनुदान दिन सकिने मापदण्ड बनाइएको छ । सरकारले जग्गा नभएका वा कम जग्गा भएका विपन्न कृषकलाई लक्षित गरेर यो योजना कार्यान्वयनमा ल्याएको हो ।

सरकारले उपयोगमा आउन नसकेको बाँझो जग्गालाई उपयोग गर्न यस्तो नीति ल्याए पनि प्रदेशभरि के-कति क्षेत्रफलको बाँझो जग्गा रहेको भन्ने तथ्याङ्क भने मन्त्रालयसँग छैन ।

राष्ट्रिय आवास कम्पनीको जग्गा भाडामा लिनुभएका कृषक समूहका प्रवीन थापाले आफूहरुले भाडामा पाएको जग्गामा बर्खायामा धानको बीउ र घाँस तथा हिउँदयामामा मकैको बीउ, तोरी, गहुँ, दलहनको खेती गर्ने गरेको बताए ।

कृषि निर्देशनालय दीपायलका निर्देशक खगेन्द्रप्रसाद शर्माले गत आर्थिक वर्षमा कैलाली र डोटीसहितका जिल्लामा भाडामा लिएर बाँझो जग्गा उपयोग गरिरहेका १२ किसानलाई तोकिएको भाडा रकममा अनुदान उपलब्ध गराइएको बताए । पछिल्ला दशकमा बसाइँसराइको चाप बढ्दै जाँदा प्रदेशका पहाडी जिल्लाका कतिपय गाउँको जग्गा बाँझो रही झाडीमा परिणत हुने समस्या बढ्दै गएको छ ।

# मानव बेचबिखन तथा ओसारपसारलाई विधेयकमा समेट्न माग



**काठमाडौं/मस-** प्रतिनिधिसभा, महिला तथा सामाजिक मामिला समितिको शुक्रबारको बैठकमा मानव बेचबिखन तथा ओसार पसारलाई विधेयकमा समेट्न माग गरिएको छ ।

माइती नेपालले देशभित्र हुने आन्तरिक बेचबिखन तथा ओसारपसार एवं यौनजन्य हिंसा, बढ्दो यौनशोषण, यौन व्यवसाय (मख्यतः नाबालक बालबालिकाको हकमा) समेटिनुपर्ने माग गरेको हो ।

अधिवक्ता उमा तामाङले बेचबिखन तथा ओसारपसारकी कानुनी कारबाही अगाडि बढाउने काममा अनिवार्य रुपमा समाबेस गरिनुपर्नेमा जोड दिइन् ।

उनले भनिन्,'अपराध पीडित बालबालिकाका लागि दिइने सेवासुविधा तथा संरक्षित सेवा केन्द्रलाई स्वतः बालमैत्री बनाउने विषयमा पनि यो ऐन मौन रहेकामा संशोधन विधेयकले केही हदसम्म यो विषयलाई सम्बोधन गरेको देखिन्छ तर अझै पनि स्पष्टता हुन आवश्यक छ ।'

माइती नेपालका उपनिर्देशक अच्युतकुमार नेपाले पीडितको अदालती बकपत्र थुनछेकसँगै अगाडि बढाइ पीडितको न्यायमा पहुँचको सुनिश्चितता सम्बोधन गर्नुपर्ने बताए ।

पीडित प्रभावितको संरक्षण, सुरक्षा र पारिवारिक पुनर्मिलन स्पष्ट रुपमा ऐनमा खुलाउनुपर्ने उनको भनाइ छ । मानव बेचबिखन तथा ओसारपसार मुद्दा दर्ताअगावै पीडित तथा प्रभावितलाई मनोसामाजिक परामर्श प्रदान गरिनुपर्ने व्यवस्थालाई ऐनमा समावेश गर्नुपर्ने माइती नेपालको माग छ ।

समितिका सभापति किरणकुमार शाहले क्षतिपूर्तिको हकमा पीडितको मृत्यु भएमा निजको सन्तानले सहज रुपमा क्षतिपूर्ति पाउनुपर्नेलगायत व्यवस्थालाई विधेयकमा समेट्नका लागि पहल गर्ने प्रतिबद्धता व्यक्त गरे । सांसद जावेदा खातुन जागाले गोपनियता भङ्ग गर्ने सम्बन्धमा कानुनी कारबाहीको स्पष्ट व्यवस्था राख्नुपर्नेमा जोड दिए ।

यस्तै सांसद शान्ति श्रेष्ठले मानव बेचबिखनमा परेका पीडितको आर्थिक खर्च सरकारले व्यहोर्ने गरी विधेयक ल्याउनुपर्ने धारणा राखिन् ।

### संवैधानिक...

(४ वर्ष)मै गर्ने प्रतिबद्धताका साथ प्रतिनिधिबाट मत पाएर १४औं महाधिवेशनमा महामन्त्री बनेका थिए ।

'पार्टीको नियमित महाधिवेशन समयमै गर्नेगरी तयारी गर्नुपर्ने महामन्त्रीहरूले पनि समयसीमा पछि धकेलेका छन्,' कांग्रेसका केन्द्रीय सदस्य नैनसिंह महरले भने, 'यसमा पार्टीको मूल नेतृत्वको मात्रै दोष छैन । हाम्रो पुस्ताका युवा नेताहरू पार्टीको प्रमुख जिम्मेवारीमा छन् । तर उनीहरूले महाधिवेशनको तयारीका लागि अहिलेसम्म केके गरे ? त्यसको जवाफ त दिनुपर्ला नि ?' केन्द्रीय कार्यालयमा दुई दिन पनि बस्न नसक्ने पदाधिकारीले महाधिवेशनको तयारी कसरी गर्नुभएको होला भन्ने आमकांग्रेसका नेता कार्यकर्ताको चिन्ता र चासो रहेको महरको भनाइ छ ।

विधानमा चार वर्ष भए पनि पाँच वर्षमा महाधिवेशन गर्ने कांग्रेसको परम्पराअनुसार यसपटक पनि पाँच वर्षमा महाधिवेशन हुने उनले आशा व्यक्त गरे । तर, पूर्वउपसभापतिसमेत रहेका नेता प्रकाशमान सिंहले पार्टीको विधान र नेपालको संविधानअनुसार नेपाली कांग्रेसको १५औं महाधिवेशन हुने बताएका छन् बिहीबार एक सार्वजनिक कार्यक्रममा उनले पार्टीको विधान र देशको संविधानले तोकेको समयावधिमा महाधिवेशन हुने बताएपछि पार्टीका कार्यकर्ताहरू थप सशंकित बनेका छन् । उनको यो अभिव्यक्तिले सभापति देउवालाई पूर्ण सहयोग गरेको छ ।

आगामी पार्टी सभापतिको उम्मेदवारी दिने र त्यसका लागि सभापति देउवाको साथ खोजेका नेता सिंहले देउवाकै चाहनाअनुसारको समयमा महाधिवेशन गरेर आफू नेतृत्वमा पुग्न चाहेको देखिन्छ । तर, उनको कार्यकुशलता र नेतृत्व क्षमताले पार्टी नेतृत्वमा पुग्ने सम्भावना नरहेको कांग्रेसकै केन्द्रीय समितिका नेताहरूले बताउँदै आएका छन् । पार्टीभित्र समयमै महाधिवेशन गर्नुपर्छ भन्दै आएका नेताहरू प्रति आक्रोश व्यक्त गर्दै सिंहले भने, 'क्रियाशील सदस्यता अपडेटिङ हुनुपऱ्यो, नयाँलाई दिनुपऱ्यो, मौलिक कुरा पूरा हुनुपऱ्यो । त्यो गर्दै नगर्ने अनि टाइममा हुनुपऱ्यो भनेर पदमै बसेर कराएर मात्रै हुन्छ ?' महाधिवेशन समयमा हुनुपऱ्यो भनेर माग चाहिँ गर्ने, त्यसका लागि समयमा आवश्यक काम पूरा नगरेका कारण समयमा महाधिवेशन हुन नसक्ने ठोकुवा गरे ।

'पार्टीको विधानमा हरेक चार वर्षमा महाधिवेशन हुनुपर्छ भनेर किटान गरेको सिंहले बताए । 'पार्टीले गर्नुपर्ने काम पूरा नगरेको खण्डमा एक वर्ष म्याद थप्ने गरेकै छ । हरेक सभापतिले थप्ने गरेकै छ,' सिंहले भने, 'त्यति मात्रै नभएर संविधानसभाको समयमा पाँच वर्षमा गर्न नसकेर सर्वदलीय बैठक राखेर, सबैलाई चित्त बुझाएर कांग्रेसले नेतृत्व गरिरहेको बेलामा महाधिवेशन गर्दा संविधान लेखनको काम एकातिर पर्ने भएका हुनाले अर्को ६ महिना थप्न पाऊँ भनेर संविधान संशोधन गरेको हो नि त ।'

सिंहले भनेअनुसार नै अन्य नेताहरूले समेत बोल्न थालेकाले कांग्रेसको महाधिवेशन पाँच वर्षमा पनि हुने सम्भावना नदेखिएको कांग्रेसवृत्तमा बहस चलेको छ । एक वर्ष थप्दा २०८३ मंसिरमा महाधिवेशन हुनुपर्छ । तर, संवैधानीक सहुलियतअनुसार अझै ६ महिना म्याद थप गर्दा २०८४ को असारमा महाधिवेशन गरिसक्नुपर्छ । तर, २०८४ मा स्थानीय तहको निर्वाचन गर्नुपर्ने र सोही वर्षको मंसिरमा आवधिक निर्वाचन गर्नुपर्ने भएकाले पार्टीको महाधिवेशन अनिश्चित देखिन्छ । यस अवस्थामा पार्टीको वैधतामाथि नै प्रश्न उठ्ने संवैधानिक कानुनका विज्ञ बताउँछन् । यद्यपि पार्टीका जिम्मेवार नेताहरूले भने आवधिक महाधिवेशनलाई प्राथमिकता दिएको देखिँदैन ।

### नेपालबाहिर...

तथा संसदीय मामिला मन्त्रालय र अर्थमन्त्रालयको स्वीकृति लिनुपर्छ । यी दुई मन्त्रालयले स्वीकृति दिएपछि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले मन्त्रिपरिषद्मा लैजान पाउँछ । मन्त्रिपरिषद्अन्तर्गत रहेको विधायन समितिले मस्यौदा हेर्छ र अगाडि बढाउन उचित लागे मन्त्रिपरिषद्को बैठकमा पेस गर्छ । मन्त्रिपरिषद्को बैठकले अगाडि बढाउन अनुमति दिए प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले संसद्मा लैजान्छ । संघीय संसद्को दुवै सदनबाट पारित भएर राष्ट्रपतिकहाँ पुग्छ । राष्ट्रपतिले प्रमाणीकरण गरेपछि ऐनमा रूपान्तरित हुने हो । यस प्रक्रियाको पहिलो चरणमा प्रस्तावित विधेयक रहेको छ ।

### को बढी...

बहस बनेको थियो । अहिले आएर उनै लिङ्देन र कमल थापा समूहबाट महामन्त्री बनेका धवलशमशेरबीच को बढी राजावादी बन्ने प्रतिस्पर्धाले पार्टी फुटको अवस्थामा पुगेको जानकार बताउँछन् ।

राजा फर्काउने अभियानको आन्दोलनमा पूर्वपञ्च नवराज सुवेदी नेतृत्वको 'राजसंस्था पुनर्स्थापनाका लागि संयुक्त जनआन्दोलन समिति'ले गत चैत १५ मा तीनकुनेमा गरेको प्रदर्शनमा पार्टी अध्यक्ष लिङ्देनले सहभागी नहुन दिएको निर्देशनका बाबजुत महामन्त्री धवल र उपाध्यक्ष रवीन्द्र मिश्र सहभागी भएका थिए । त्यसदेखि नै राप्रपाभित्र पसेको विवाद अहिले चरम चुलीमा पुगेको छ । तर आफूले स्थापित गरेको राजासहितको हिन्दुराज्यको एजेन्डामा नवराज सुवेदी, दुर्गा प्रसाईंलगायत बाहिरका व्यक्तिहरू प्रवेश गरेर हडप्न खोजेको लिङ्देनको बुझाइ छ । सो दलमा दुई समूहका नेताहरूबीच अहिले बोलचालसमेत बन्द छ । साथै आगामी नेतृत्वका लागि पूर्वराजा शाहसँग को बढी नजिक भएर पार्टी कब्जा गर्ने भन्ने रणनीतिमा नेताहरू छन् ।

### मलेसियामा...

रहेको र कहिलेकाहीँ उनीहरू ज्यान जाने, अंगभंग हुने जस्ता घातक परिणामको सिकार हुने गरेका छन् ।

'उनीहरू न्यूनतम ज्याला वा सामाजिक सुरक्षाको योग्य छैनन् भन्ने सुझाव दिनु भनेको दासत्वलाई मान्य र समर्थन गर्नु हो,' ग्लोरिनले भनेकी छन् ।

ग्लोरिनका अनुसार, टेनागानिताको अनुसन्धान र अध्ययन गरिएका कागजातहरूले विदेशी कामदारहरूलाई उचित ज्याला र ओभरटाइमबापतको तलब नदिएर जोखिमपूर्ण कामको तुलनामा अनुचित व्यवहार गरिएको छैन । उनले आप्रवासी कामदारहरूका लागि इपिएफ योगदान अस्वीकार गर्नाले उनीहरूलाई दीर्घकालीन रोजगारीका साथै अवकाशपछिको सुरक्षाबाट वञ्चित गरिएको प्रष्ट हुने बताइन् । उनले भनिन्, 'त्यसो हुन नदिन रोजगारदाताहरूले सबै विदेशी कामदारहरूका लागि इपिएफमा योगदान अनिवार्य बनाउनुपर्छ ।

### चितवनमा...

बिनाअनुमति सञ्चालनमा आएका परामर्श केन्द्रहरुबाट ठगिएको सूचनाका आधारमा जिल्ला प्रशासनले विभिन्न चरणमा आवश्यक काजगपत्र पेस गर्न सूचना जारी गरेको थियो । उनका अनुसार पहिलो चरणमा २ सय ४१ वटा, दोस्रो चरणमा १६ वटा र तेस्रो चरणमा २१ वटाले कागजपत्र पेस गरेका छन् । तीबाहेक अन्यलाई बन्द गर्न निर्देशन दिइएको हो ।

# उदयपुरमा जन्मदिनको भोज खाने क्रममा २७ जना बिरामी



**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, २३ साउन

उदयपुरको त्रियुगा नगरपालिका-७ नमुना चोकमा जन्मदिनको भोज खाने क्रममा २७ जना मानिसहरू एकैपटक बिरामी परेका छन् । बुधबार राति जितेन्द्र राईको घरमा जन्मदिनको अवसरमा आयोजना गरिएको भोजमा विभिन्न परिकारहरू खाएपनि स्थानीय बिरामी भएका हुन् ।

उक्त जन्मदिनको कार्यक्रममा छरछिमेकका मानिसहरू भेला भई रोटी, अचार, पुरी, बुनिया, पुवा लगायतका परिकारहरू खाएका थिए । भोजमा सहभागी भएका केही समयमै उनीहरूमा झाडापखाला, वान्ता तथा पेटसम्बन्धी समस्या देखिएको थियो । तत्काल बिरामी भएका सबैलाई जिल्ला अस्पताल उदयपुरमा भर्ना गरिएको जिल्ला प्रहरी कार्यालय उदयपुरले जानकारी दिएको छ ।

जिल्ला प्रहरी कार्यालयका अनुसार बिरामीमध्ये ३ जना पुरुष, ११ जना महिला, ५ जना बालक र ८ जना बालिका रहेका छन् । अस्पतालमा भर्ना गरिएका बिरामीहरूमध्ये २६ जनाको उपचारपछि डिस्चार्ज गरिएको छ भने एक जना बालकको अवस्था सामान्य रहेको र उनको उपचार हालसमेत जारी रहेको प्रहरीले जनाएको छ । घटनाबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

**परिदृष्य बचत तथा ऋण सहकारी संस्था लि. का सदस्यहरूलाई सम्पर्क गर्ने बारेको सूचना ।**

**प्रकाशित मिति : २०८२/०४/२४**

संस्थाका सम्पूर्ण सदस्यहरूलाई संस्था संचालनमा रहेको जानकारी गराउँदै आफूले लिएको ऋण चुक्ता गर्ने र पाउनुपर्ने रकम फिर्ताका लागि प्रमाण सहित कार्यालयमा यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र सम्पर्क राख्नुहुन अनुरोध गर्दछौं ।

**अध्यक्ष**
**राम सुन्दर घिमिरे**
**९८५११०५४६९**

**युएईमा रोजगार**
कम्पनी: MODERN BUILDING CONTRACTING CO LLC BR DUBAI — शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०८१/०८/१३ चलानी नं.: ६०२२८९१४ LT. No.: 314527 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | STEEL FIXER | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४५,७४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | BUILDING LABOUR | 45 | 0 | | 1000 | ३८,१२० | | | | | | | |
| 3. | BRICK MASON | 10 | 0 | | 1200 | ४५,७४४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन ३१ गते (16 August 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला । २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हर साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.
Basbari Ward No 3, Kathmandu, Tel.: 01-4956654, 4955978, 9802360330
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158
Govt. Lic. No.: 821/066/067
ISO 9001 : 2015

# नागरिकले सुरक्षाको अनुभूति प्राप्त गर्ने गरी कार्यसम्पादन गर्न गृहमन्त्रीको निर्देशन

**काठमाडौं/मस-** गृहमन्त्री रमेश लेखकले नागरिकले सुरक्षाको अनुभूति प्राप्त गर्ने गरी उत्कृष्ट कार्यसम्पदान गर्न निर्देशन दिएका छन् ।



शुक्रबार काठमाडौं उपत्यका प्रहरी र काठमाडौं प्रहरी परिसर कार्यालयको निरीक्षणपछि उनले उपत्यकामा शान्ति सु-व्यवस्था कायम गर्न काठमाडौं उपत्यका प्रहरी कार्यालयले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेको बताए ।

प्रहरीले निर्वाह गरेको काम कारबाही जनताप्रति उत्तरदायी र जवाफदेही हुनुपर्ने भन्दै उनले मानवअधिकारको संरक्षण एवं संवर्द्धनमा थप सजग भई महिला हिंसा, घरेलु हिंसा, बालबालिका एवं ज्येष्ठ नागरिकविरुद्ध हुने गतिविधिप्रति थप संवेदनशील हुनुपर्नेमा जोड दिए ।


उनले भने, 'सडक दुर्घटना, लागुऔषध, आत्महत्या, साइबर अपराध, अनलाइन ठगी, आर्थिक अपराध चुनौतीका रूपमा देखापरेकाले सोको समाधान गर्न प्रविधिको उच्चतम प्रयोग गर्दै अझ बढी क्रियाशील हुनुपर्नेछ । प्रहरीलाई साधन स्रोत सम्पन्न बनाउन सरकार गम्भीर छ ।' उनले गुण्डागर्दी र बिचोलियालाई निस्तेज पार्न पनि प्रहरी कर्मचारीलाई निर्देशन दिए ।

'प्रहरी कार्यालयले दिने सेवालाई सर्वसुलभ र झन्झटरहित बनाउन शिष्ट आचरण/व्यवहारका साथ सेवाग्राहीको समस्या एवं गुनासोलाई सम्बोधन गर्नुपर्छ', उनले भने, 'शिष्टता देखाएर काम गर्दा कसैको कद घट्दैन ।' कार्यक्रममा गृहसचिव गोकर्णमणि दुवाडीले नागरिकलाई अनुभूति हुने गरी काम गर्न आग्रह गरे । उनले भने, 'उच्च मनोबलका साथ काम गर्न आग्रह गर्दछु । प्रहरीको कार्यसम्पादन सरकारसित जोडिएको विषय पनि हो ।'

त्यसैगरी प्रहरी महानिरीक्षक दीपक थापाले उपत्यकामा शान्ति सुव्यवस्था कायम गर्न, अपराध नियन्त्रण एवं अनुसन्धान, ट्राफिक व्यवस्थापनका साथै विपद् व्यवस्थापनमा समेत काठमाडौं उपत्यका प्रहरी कार्यालयले सीमित जनशक्ति, स्रोत साधानका बीच पनि उत्कृष्ट रूपमा निर्वाह गर्दै आइरहेको बताए । उनले शान्ति सुरक्षालाई थप मजबुद बनाउन उपत्यका प्रहरी कार्यालय सदैव क्रियाशील रहेको बताए ।

# १० वटा मन्त्रालयको ९१ प्रतिशत बेरुजु

**काठमाडौं/मस-** महालेखापरीक्षक तोयम रायाले विश्व विद्यालयहरूले ८/१० वर्षदेखि लेखापरीक्षण नगरेको बताएका छन् ।



शुक्रबार सार्वजनिक लेखा समितिको बैठकमा महालेखापरीक्षक रायाले आगामी दिनमा विश्व विद्यालयसहित सबै इकाइहरूको अडिटलाई प्राथमिकतामा राख्ने बताए ।

उनका अनुसार लामोसमयदेखि रहेको त्यस्तो अवस्थालाई हटाउँदै दुई, चार वटा बाहेक अहिले प्रायःको लेखापरीक्षण गरिएको बताए । संघीय निकायहरूको बेरुजु बढ्नेक्रम जारी छ । यसलाई घटाउन प्रभावकारी कार्ययोजना बनाएर लाग्नुपर्ने आवश्यकता छ । रायाले १० वटा मन्त्रालयको ९१ प्रतिशत बेरुजु देखिनु राम्रो नभएको बताउँदै बेरुजुलाई शून्यमा झर्ने गरी कामकारबही अघि बढाउनुपर्नेमा जोड दिए । रायाले भने'केही समयअघिसम्म १ सय बढी त्रिभुवन विश्वविद्यालय अन्तर्गतका विभिन्न इकाइहरूको अडिट हुन सकेको रहेनछ । गत असार मसान्तभित्रै अहिले अडिट अहिले सकिएको छ । आगामी दिनमा सबै निकाय, इकाइहरूको लेखा परीक्षण गरिनेछ ।'

महालेखापरीक्षक रायाले हरेक वर्षका महालेखाका प्रतिवेदनहरू लेखासमितिमा छलफल हुनुपर्ने बताए । उनकाअनुसार एउटा वर्षको प्रतिवेदनमा छलफल गर्दा त्यही प्रकृतिको अरुअरु वर्षको प्रतिवेदनमा पनि केके थियो भन्ने छुटिरहेको छ । त्यसैले ती विषयमा गहन रुपमा छलफल गर्नुपर्छ । रायाले वार्षिक प्रतिवेदन बनाउँदै गर्दा सचिवहरूसँग राय सुझाव मागिने गरिएको भएपनि त्यसको रेस्पोन्स नआउने गरेको गुनासो गरे । समिति बैठकमा रायाले मन्त्रालयहरूमा सरुवा भएर सचिवहरू जाँदा बेरुजुका बारेमा चासो देखाउनुपर्छ । सचिवहरूले डेटा मागेर बेरुजु फर्स्योटमा गम्भीतापूर्वक लाग्नुपर्ने रायाको भनाइ रहेको छ ।

# कल्याणपुरका मेयर साहविरुद्ध भ्रष्टाचार मुद्दा




**काठमाडौं/मस-** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सिरहाको कल्यापुर नगरपालिकाका मेयर राम पुकार साहविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ । अख्तियारले साहविरूद्ध शुक्रबार विशेष अदालतमा मुद्दा दायर गरेको प्रवक्ता राजेन्द्रकुमार पौडेलले जानकारी दिए ।

मेयर साहले नगरपालिकाको वडा नम्बर ६ मा निर्माण गरिएको नालाको ठेक्काबापतको भुक्तानी दिनेक्रममा एक लाख रुपैयाँ घुस लिएको अख्तियारको ठहर छ ।

बिचौलियामार्फत घुस माग गरेको सूचना पाएपछि अख्तियारबाट खटिएको टोलीले साहलाई एक लाख रुपैयाँ लिइसकेको अवस्थामा पक्राउ गरेको थियो । अनुसन्धानका क्रममा साहले घुस लिएको पुष्टि भएको अख्तियारले जनाएको छ ।

अख्तियारले मेयर साहविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ अनुरुप एक लाख रुपैयाँ बिगो कायम गरी जरिमाना र कैद सजायको मागदाबी लिएको छ ।

# कोकिनसहित विदेशी महिला पक्राउ

**काठमाडौं/मस-** नेपाल प्रहरीले लागूऔषध कोकिन लुकाएर ल्याउने एक विदेशी महिलालाई पक्राउ गरेको छ ।



प्रहरीको लागुऔषध नियन्त्रण ब्यूरोले ब्राजिलबाट कतारको दोहा हुँदै नेपाल आएर नेपालबाट भुटान जान लागेकी २१ वर्षीया एमिली मिकेल सन्तोष फरेरालाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको प्रस्थान कक्षबाट पक्राउ गरी शुक्रबार सार्वजनिक गरेको हो ।

ब्युरोका सहप्रवक्ता, प्रहरी नायव उपरीक्षक जीवन निरौलाले कालो रङको 'ब्रा'भित्र लुकाएर ल्याएको एक किलोग्राम ९ सय ५० ग्राम कोकिनसहित उनलाई पक्राउ गरिएको जानकारी दिए । पक्राउ परेकी फरेरालाई लागुऔषध नियन्त्रण ऐन, २०३३ बमोजिम काठमाडौं जिल्ला अदालतबाट लागुऔषध मुद्दामा म्याद थप गरी अनुसन्धान अघि बढाइएको सहप्रवक्ता निरौलाले बताए ।

# काठमाडौंमा 'विविधताको उत्सव' हुँदै

**काठमाडौं/मस-** अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा दलित लाइभ्स म्याटर ग्लोबल अलायन्सले 'डाइभर्सिटी कार्निभल - विविधताको उत्सव' आयोजना गर्ने भएको छ । सोमबार काठमाडौंमा हुने कार्यक्रममा देशभरिका १५० भन्दा बढी युवाहरू सहभागी हुनेछन् ।




उक्त उत्सवमा मुसहर समुदायकी पहिलो डाक्टर स्मृति हरिजनले प्रमुख वक्ताको रूपमा आफ्नो प्रेरणादायी कथा प्रस्तुत गर्नेछिन् । साथै, महिला फुटबल टिमकी कप्तान एन्जिला तुम्बापो सुब्बा, कलाकार नाजिर हुसेन, नेपाल सरकारका उपसचिव सुनिल कुमार पासमान, र रेन्वो डिसएबिलिटी नेपालकी उपाध्यक्ष मीना जोशीले 'सपना, संघर्ष र सफलता' विषयमा प्यानल छलफल गर्नेछन् ।

कार्यक्रममा ब्याण्ड 'कासा' र सारंगी वादक किरण नेपालीको टोलीले सांगितिक प्रस्तुति दिने छन् । त्यसैगरी, चार कलाकारले एउटै क्यानभासमा चित्र कोर्ने 'लाइभ पेन्टिङ' समेत हुनेछ ।

युवाहरूलाई समेटेर सामाजिक भाष्य, स्वास्थ्य, जलवायु परिवर्तन र अवसर लगायतका विषयमा समूहगत कार्यशालासमेत आयोजना हुनेछ । कार्यशालाबाट निस्केका निष्कर्ष तथा सुझावहरू सम्बन्धित निकायमा बुझाइने बताइएको छ ।

संस्थाका अध्यक्ष प्रदीप परियारले सुन्नै नपाएका कथाहरूलाई मुखर बनाउँदै विविधता र समावेशीताको अभ्यासमा कार्यक्रमको केन्द्रीकरण हुने बताए । युवाहरू आफैँले समावेशीताका मुद्दामा बोल्न र व्यवहारमा उतार्न कार्यक्रमले सघाउने उनले उल्लेख गरे ।

नवराज विक हत्याकाण्डपछि स्थापना भएको दलित लाइभ्स म्याटर ग्लोबल अलायन्सले जातीय भेदभावविरुद्ध युवालाई परिचालन गर्दै कास्ट कनभर्सेशन टेलिभिजन कार्यक्रम, मार्च टु जस्टिस अभियान, जस्टिस समिट २०२५ लगायतका अभियान सञ्चालन गर्दै आएको छ ।

कार्यक्रममा दलित, मधेशी, महिला, मुस्लिम, थारु, आदिवासी जनजाति, अपांगता भएका व्यक्ति र विविध यौनिक तथा लैंगिक पहिचान भएका युवाहरूको सहभागीता रहने आयोजकले जानकारी दिएको छ ।

# सल्यानमा बिजुलीको पोल बोकेको मिनी ट्रक दुर्घटना

**प्रदीप मगर/मध्यान्ह**
सल्यान, २३ साउन

सल्यानको कालिमाटी गाउँपालिका-३ रोकचामा बिजुलीको पोल बोकेको मिनि ट्रक दुर्घटना भएको छ । जिल्ला प्रहरी कार्यालय सल्यानका अनुसार दाङबाट पोल बोकेर खलंगा जाँदै गरेको बा.प्र. ०१-०० ख ५८१३ नम्बरको मिनि ट्रक शुक्रबार दिउँसो करिब कालिमाटी-खलंगा सडकखण्डमा दुर्घटना भएको हो । ट्रक सडकबाट करिब २० मिटर तल खसेको छ ।

उक्त ट्रक कास्कीको चापाकोट गाउँपालिका-५ निवासी ५२ वर्षीय पूर्णबहादुर परियारले चलाएका थिए । ट्रकमा चालकसहित तीन जना सामान्य घाइते भएका प्रहरीले जनाएको छ । दुर्घटनाको जानकारी पाएलगत्तै इलाका प्रहरी कार्यालय कालीमाटीबाट प्रहरी नायब निरीक्षक मेघराज केसीको नेतृत्वमा टोली घटनास्थल पुगेको थियो । दुर्घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सल्यानले जनाएको छ ।

# गण्डकी प्रदेश समन्वय परिषद् कतारको आयोजनामा सुरक्षा एवं सचेतना कार्यक्रम



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, २३ साउन

गण्डकी प्रदेश समन्वय परिषद् कतारले फरक-फरक शीर्षकमा सुरक्षा सचेतना एवं व्यक्तित्व विकास कार्यक्रम शुक्रबार सम्पन्न गरेको छ ।

समन्वय परिषद्को आयोजना तथा मातहतका जिल्ला संस्थाहरूको सह आयोजना, नेपाली रक्तदाता संघ र जीवन विज्ञान कतारसँगको सहकार्यमा सो कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रममा कतारको कानुनसम्बन्धी राष्ट्रिय मानवअधिकार आयोग कतारका नेपाली समाज प्रतिनिधि एवं कानुनी परामर्शदाता मोहम्मद रमजान अलि मियाले व्याख्या गरे । उनले मदिरा पिएर सवारी नचलाउन आग्रह गरे । पछिल्लो समय कतारमा साइबर कानुनमा भएको कडाइप्रति सजग गराए ।

स्वास्थ्य सुरक्षा तथा वातावरणसम्बन्धी विज्ञ विमल सुवेदीले कार्यस्थलमा गर्नुपर्ने न्यूनतम सुरक्षाबारे सजग गराए ।

श्रम तथा सामाजिक सुरक्षा कोषसम्बन्धी सहायक निर्देशक राधिका निरौलाले भर्चुअल माध्यममार्फत र पत्रकार अर्जुन पौडेल भौतिक रूपमै व्याख्या गर्दै सामाजिक सुरक्षा कोषलाई सामाजिक सहायता, बिमा र श्रम बजार हस्तक्षेपका रूपमा व्याख्या गरिएको बताइन् ।

अनौपचारिक, औपचारिक स्वरोजगारमा रहेको र वैदेशिक रोजगारीमा रहेका श्रमिक आबद्ध हुन सक्ने व्यवस्था कायम गरिएको उनले बताइन् ।

पछिल्लो ६ महिनामा ३ महिनाको योगदान गरेका व्यक्तिका परिवारहरूले समेत स्वास्थ्यसम्बन्धी सुविधा लिन सक्ने कार्यक्रममा उनले जानकारी दिइन् ।

रेमिट्यान्स तथा बैंकिङ साक्षरता सम्बन्धी आइएमइ लिमिटेडका कतार प्रमुख हेमराज सुवेदी र नबिल बैंकका कन्ट्री म्यानेजर दीपेन्द्र पौड्यालले प्रशिक्षण प्रदान गरेका थिए । उनीहरूले औपचारिक माध्यममार्फत रेमिटेन्स पठाउन आग्रह गर्दै एसआइपीमार्फत मासिक बचत गर्न आग्रह गरेका थिए । अर्का उत्प्रेरक सिताराम थापाले कविता वाचन गरेका थिए । योग तथा ध्यान सम्बन्धी गुरु रामजी खत्रीले न्यूनतम योगका ज्ञानबारे प्रशिक्षण प्रदान गरेका थिए ।

परिषद् कतारका संस्थापक अध्यक्ष आशबहादुर गुरुङको प्रमुख आतिथ्यता तथा परिषद्का अध्यक्ष नन्दलाल बिक (अजय)को सभाध्यक्षतामा सम्पन्न कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि गुरुङले कार्यक्रम अत्यन्त उत्कृष्ट र फलदायी रहेको बताए ।

वरिष्ठ उपाध्यक्ष रोशन अर्यालले स्वागत मन्तव्य राखेको कार्यक्रमलाई महासचिव मन प्रसाद राना मगरले सहजीकरण गरेका थिए ।

इ-रिंङरोडअन्तर्गत अलथुमामा अवस्थित द अट्रिएम हलमा सम्पन्न कार्यक्रमको समापन गर्दै सभाध्यक्ष विकले कार्यक्रममार्फत लिएका ज्ञान एक अर्कोलाई सिकाउन र बुझाउन आग्रह गरे ।

# समृद्ध सन्धिखर्क नगरपालिका बनाउने लक्ष्य पूरा गर्छौं : नगरप्रमुख श्रेष्ठ

**सुर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २३ साउन



सन्धिखर्क नगरपालिकाका नगरप्रमुख कृष्णप्रसाद श्रेष्ठले शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि र पर्यटनलाई पहिलो प्राथमिकतामा राखेर काम गरिरहेको बताएका छन् । सन्धिखर्कमा आयोजित एक कार्यक्रममा बोल्दै नगरप्रमुख श्रेष्ठले नगरपालिका पशु र दूधमा आत्मनिर्भर भई आय-आर्जनमा समेत अगाडि बढेकोले समृद्ध र दिगो अर्थतन्त्र हासिल गर्ने दिशामा आफूहरू लागि परेको बताए ।

दूध उत्पादन गर्ने किसानलाई अनुदान, पशु रोग नियन्त्रण, डाले घाँस कार्यक्रम, पशु तथा कृषि प्रोफाइल तयारी, कृषि यन्त्रमा अनुदानलगायतका कार्यक्रम सञ्चालनमा रहेकाले सबै किसानहरू कृषि तथा पशुपालनतर्फ उत्साहित भएको उनले बताए । माटो परीक्षण, बीउ, विषादीको व्यवस्था तथा भू-उपयोग नीति पनि नगरपालिकाले अगाडि बढाएको छ । आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि विशेष गरी कृषिका कार्यक्रमलाई प्राथमिकतामा राखिएको उनले स्पष्ट पारे । रोजगारीसँग जोडिएर पूर्वाधार विकासको काम पनि सञ्चालन भइरहेको उनले बताए । शैक्षिक क्षेत्र सुधारका लागि विद्यालयहरूमा निरन्तर अनुगमन भइरहेको र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्रमुख अध्यापक तथा शैक्षिक व्यक्तित्वहरूसँग अन्तर्क्रिया गर्दै गुणस्तरीय शिक्षा प्रदान गर्न शिक्षकहरूको क्षमता विकास कार्यक्रम सञ्चालन गरिएको जानकारी दिए । विषयगत रोस्टर शिक्षक तयार पारेर केही ठाउँमा परीक्षा लिएर त्यसको छलफलसमेत अगाडि बढाइएको उल्लेख गरे ।

स्वास्थ्य क्षेत्रमा दक्ष चिकित्सकसहित आवश्यक स्वास्थ्यकर्मीको व्यवस्थापन जिल्ला अस्पताल अर्घाखाँचीमा गरिएको र प्राथमिक स्वास्थ्य केन्द्रहरूबाट समेत सेवा प्रवाह भइरहेको बताए । सन्धिखर्क नगरपालिकाले सबै वडाहरूका प्रशासनिक भवन निर्माणको काम अन्तिम चरणमा पुऱ्याएको र अब ती भवनहरूबाट सेवा दिन वडाहरू तयारी अवस्थामा रहेको जानकारी दिए । साथै, स्वास्थ्य चौकीहरूको निर्माण कार्यसमेत भइरहेको बताए ।

नगरप्रमुख श्रेष्ठले भने,'कार्यालयबाट दिने कुनैपनि काममा राजनीतिक गन्ध आउनु हुँदैन । मान्छेहरू कुनै न कुनै राजनीतिक आस्थाका हुन्छन्, तर काममा त्यसको प्रभाव पर्नु हुँदैन । म जनभावना अनुसार दत्तचित्त भएर काम गरिरहेको छु ।'

उनले थपे, 'इमानदार भएर काम गर्दा पनि कसैले राष्ट्रसेवक कर्मचारीलाई विनाकारण बदनाम गर्न खोजेमा म न्याय दिन कहिल्यै पछि हट्नेछैन ।'

नगरप्रमुख श्रेष्ठले अन्त्यमा जनताको अपेक्षा र आवश्यकता अनुसार शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि, पर्यटन र रोजगारीलाई प्राथमिकतामा राखेर नगरपालिका अगाडि बढिरहेको स्पष्ट गरे ।

# मानव अंग झिकेर बिक्री गर्ने तीन जना पक्राउ

**काठमाडौं/मस-** संगठित रूपमा कानुन विपरित मानव अंग मिर्गौला झिकी मानव बेचविखन तथा ओसारपसारमा संलग्न रहेको अभियोगमा ३ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा काभ्रेपलाञ्चोक पाँचखाल नगरपालिका-१० घर भएका ३५ वर्षीय कुमार भन्ने राज कुमार परियार, नुवाकोट बेलकोटगढी नगरपालिका-९ घर भएका २४ वर्षीय समिर नेपाली र सोही नगरपालिका-४ घर भएका ४७ वर्षीय राकेश नेपाली रहेका छन् । मानव बेचभिखन ब्यूरोबाट खटिएको प्रहरीले समिरलाई काठमाडौं महानगरपालिका-२६ मित्रनगर नयाँबसपार्कबाट र राकेशलाई टोखा नगरपालिका-३ बानियाँटारबाट तथा राज कुमारलाई काभ्रेपलाञ्चोक पाँचखाल नगरपालिका-१० बाट पक्राउ गरेको हो ।

प्रारम्भिक अनुसन्धानको क्रममा उनीहरूले पीडितलाई विभिन्न प्रलोभन देखाई २०८२ जेठ महिनामा भारतको चण्डीगढस्थित अपार्टेन्टमा पुऱ्याएको, मृगौला निकाले बापत ६ लाख रूपैयाँ रकम आउने, नेपाल फर्कने बेलामा पैसा दिन्छु भनी प्रलोभन देखाएकोमा पीडितले ईन्कार गर्दा डर त्रास, करकापमा पारी चण्डीगढस्थित नाम नखुलेको क्लिनिकमा २०८२ साउन ९ गते वाँया मृगौला झिकेको खुल्न आएको छ । साथै उनीहरूले पीडतबाट झिकिएको मिर्गौला चर्को मुल्यमा बिक्री गरी मानव अंगको गैरकानुनी व्यापार गर्ने गरेको समेत अनुसन्धानको क्रममा खुल्न आएको छ ।

उनीहरू उपर जिल्ला अदालत काठमाडौंबाट संगठित अपराध निवारण ऐन, २०७० बमोजिम ७ दन म्याद थप अनुमति लिइ यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

स्थान परिचय

# कालीकोटको पचाल झरना गन्तव्य सूचीमा

*नेपालको सबैभन्दा अग्लो झरनाका रूपमा रहेको पचाललाई सरकारले पर्यटकीय गन्तव्य क्षेत्रको रूपमा सूचीकृत गरेको छ । नेपाल सरकार संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले नेपालका १०० वटा प्रमुख गन्तव्यमध्ये पचाल झरनालाई ६४औं स्थानमा सूचीकृत गरेको छ...*




■ भरतप्रसाद देवकोटा

कालीकोट जिल्लाको सदरमुकाम मान्म खाडाचक्र बजारदेखि १६ कोष उत्तरमा अवस्थित साबितको राम्नाकोट गाउँविकास समितिको खार्दु गाउँमा पचाल झरना पर्छ । हालको पचाल झरना गाउँपालिकाको वडा नम्बर ७ र ४ मा पर्ने निकै सुन्दर पर्यटकीय पचाल झरना ३ सय ८१ मिटर अग्लो रहेको छ । कुनै पनि मुलुकको सुन्दरता त्यस मुलुकको राष्ट्रिय सम्पदा हो । पचाल झरना राष्ट्रिय रूपमै पर्यटकीय गन्तव्यमा सूचीकृत झरना हो । नेपालको सबैभन्दा अग्लो झरनाको रूपमा रहेको पचाललाई सरकारले पर्यटकीय गन्तव्य क्षेत्रका रूपमा सूचीकृत गरेको छ । नेपाल सरकार संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले नेपालका सयवटा प्रमुख गन्तव्यमध्ये पचाल झरनालाई ६४औं स्थानमा सूचीकृत गरेको छ । झरनाको प्रचारप्रसारका लागि नेपाल पर्यटन बोर्ड र युएनडिपीको सहकार्यमा प्रचारप्रसारको कामसमेत भएको छ । जसका लागि सो क्युआर कोड तयार गरिएको छ । जसलाई आमनागरिक र पर्यटकले सहज रूपमा प्रयोग गर्न पाउनेछन् । कालीकोटको खान्डाचक्र नगरपालिका र पलाता गाउँपालिकाको बिचमा पर्ने पचाल झरनाबाट बग्ने पानी चुलीमालिकाको छेउबाट मूल फुटेर बग्ने गर्छ ।

हयातुङ झरना जुन तेह्रथुम जिल्लामा पर्छ, सो झरनाले दोस्रो ठुलो स्थान ओगटेको छ । जसको उचाइ ३ सय ६५ मिटर रहेको छ । पचाल झरना समुद्री सतहबाट ९ सय ७० मिटर उचाइमा रहेको एक ठाउँमा थोरै ठोकिएको लम्बाइ जोड्दा त पताल झरनाको लम्बाइ ४ सय १५ मिटर रहने गाउँपालिकाको प्राविधिक शाखाले जनाएको छ । हयातुङ झरनाभन्दा पचाल झरनाको उचाइ १६ मिटर बढी अग्लो भएको पाइन्छ । पचाल झरना पुग्न कर्णाली कोरिडोर लाफा गाउँबाट ३ घण्टा पैदल र १ घण्टा गाडीमा पुग्न सकिन्छ । झरनाको सिरमा राष्ट्रिय पन्छी डाँफे र कालिजलगायत अन्य चराचुरुंगी र गोरल कस्तुरी बदेल हिमाली कालो भालुलगायतका वन्यजन्तु पाइन्छन् । पर्यटकलाई खान बस्न खार्दु गाउँमा पाँचवटा घरमा होमस्टे पनि सञ्चालन भएका छन् ।

करिब ४ हजार मिटर उचाइमा रहेको पुग मालिका हिमालको ढैगर भन्ने ठाउँमा यो झरना अवस्थित छ । सो ठाउँमा ढुंगैढुंगा भएकाले ढइगार भनिएको र सो ठाउँमा पानी बगेको आवाज मात्र सुनिन्छ तर पानी देखिँदैन । धेरै तल आइसकेपछि मात्र पानी देख्न पाइन्छ । बाह्रै मास र



सधैं लाग्ने इन्द्रेणीका रंगीन तरंगले पर्यटकलाई निकै आनन्दित तुल्याउँछ । घना जंगलको बिचमा एकनासतवरले झरिरहेको सेतो हिउँका थुप्पाको पहिरन बोकेको झरनाको अनुभव आनन्दले मनलाई मात्र लोभ्याउँदैन एक प्रकारको स्वर्णिम अनुभूति दिलाउँछ ।

झरनाको महत्वपूर्ण पक्ष प्राकृतिक सुन्दरता मात्र होइन, ऐतिहासिक पक्ष पनि हो । सुरुवातमा पचाल छहरो नामले परिचित रह्यो भने झरनाका सम्बन्धमा एउटा किंवदन्ती छ, देउतामध्येका ठुलो र प्रतापी मष्टका १२ भाइमध्ये पैचालो पनि एक हो । पैचालोको मन्दिर कालीकोट जिल्लाको पचाल झरना गाउँपालिकाको खार्दु गाउँमा रहेको छ । यस देवतालाई आफू सबैभन्दा बलियो भएको घमण्ड हुँदै आएको र यसै झरनाको पितमा बस्ने एक राक्षसकी छोरीसँग विवाह गर्‍यो । विवाहपश्चात् राक्षसकी छोरी विवाह गर्नेलाई समाजमा राख्न हुन्न भन्ने र देवताहरू मिली समाजबाट अलग गरे । अनि दीप समाजबाट च्युत भएपछि त्यसै छहराको पीतमा ससुरालीमा गएर बस्न थालेपछि, सो झरनाको नाम देउताको नामबाट पैचाल हुँदै पचाल झरना हुन गएको हो ।

सरकारी निकायबाट प्रचारप्रसार हुनुभन्दा पहिले राम्नाकोटका चेतनशील तथा प्रकृति प्रेमी युवाले पहिचान गरी पैचाल छहरा विकास समिति भन्ने एक संस्था दर्ता गरी केही समय सक्रिय रूपमा सो झरनाको प्रचारप्रसारका लागि काम गर्दै आएका थिए । कर्णाली प्राकृतिक रूपमा निकै सुन्दर छ, धनी छ भन्ने विषयमा दुई मत छैन । अझै पनि सरकारले विकासका लागि नागरिकलाई गर्नुपर्ने व्यवहारमा फरक नपरोस् भन्ने आवाज कर्णालीवासीको सधैं रहने देखिन्छ र रहिरहनेछ । पर्यटकका दृष्टिले नेपाल विश्वकै अग्रस्थानमा पर्छ, यो भनेको आर्थिक विकासको आधार पनि हो । प्रकृतिले सबै देशलाई धनी बनाएको हुँदैन तर हामी प्रकृतिमा धनी छौं, पर्यटन अर्थतन्त्रको बलियो आधार हो । तीव्र आर्थिक विकासमा लम्किने सबैभन्दा बलियो र छोटो बाटो बन्न सक्छ, यो राज्यले गर्न ढिलो भएको नागरिकसामु तितो यथार्थ पनि हो ।

पर्यटन प्रवर्धन र पर्यटन विकास गर्न निजी क्षेत्रसँग सहकार्य गर्न समन्वयात्मक रूपमा पूर्वाधार विकास गर्न पर्यटकीयस्थलको उपज विविधीकरण तथा विस्तार गरी ग्रामीण पर्यटनमार्फत थप रोजगारीका अवसर सिर्जना गर्न र मुलुकमा सबै मौसममा पर्यटकीय क्रियाकलाप सञ्चालनका निम्ति आन्तरिक पर्यटनलाई प्रोत्साहनमा जोड दिनुपर्छ । पर्यटन मुलुकको आर्थिक विकासको बलियो खम्बाका रूपमा लिन सकिन्छ, कुल गार्हस्थ उत्पादनमा २ दशमलव ४ प्रतिशत योगदान दिने पर्यटन क्षेत्रको विकासका लागि निजी क्षेत्रसँग हातेमालो गरी अघि बढ्नुपर्छ । आन्तरिक तथा विदेशी पर्यटनको प्रमुख गन्तव्यका रूपमा पछिल्लो समय कर्णाली प्रदेश निकै सुन्दर र मनमोहक रूपमा लिने गरेको पाइन्छ ।

एसियामा पर्यटन व्यवसायबाट चीन र भारत, जापानलगायतका देशहरूले आफ्नो स्थितिलाई मजबुत बनाइसकेका छन् । नेपालको गतिविधि पर्यटनको अनुकूल नरहे तापनि पर्यटन क्षेत्रले राष्ट्रिय आम्दानीमा वृद्धि भइरहेको छ । नेपालमा गगनचुम्बी चुचुराहरू, सांस्कृतिक धार्मिक धरोहरका कारण विश्वका विभिन्न मुलुकबाट पर्यटकहरू आउने गरेका छन् । यद्यपि, त्यो पर्याप्त छैन । पर्यटकीय स्थलहरूको विकास गर्नका लागि पनि यातायात र सञ्चारको विकास भएको हुनुपर्छ । त्यसैले गर्दा धेरै मानिसहरूमा विचारहरूको आदानप्रदान हुन सजिलो हुन्छ । नेपालमा यातायात साधन र सडक सञ्जाल निकै अप्ठ्यारो असजिलो छ । हवाई यात्रा पनि मौसम र विभिन्न कारणले भनेको समयमा सहज देखिँदैन । यसले गर्दा पर्यटकहरू कतिपय भनेको समयमा सो क्षेत्र पुग्न अप्ठ्यारो महसुस भएको देखिन्छ । पैदल यात्रा गर्ने बाटा पनि जोखिममा छन् । बाढी पहिरो खोला नालाहरूले गर्दा कष्टकर बन्छन् ।

पर्यटकका लागि उपयुक्त वातावरण होमस्टे स्वास्थ्यकर खानेकुराहरूको व्यवस्था स्थानीय तह सरोकार निकाय प्रदेश सरकार र केन्द्रीय सरकारले पूर्ण रूपमा आफ्नो दायित्व पूरा गरेको खण्डमा भ्रमणका लागि गन्तव्य स्थानमा पर्यटकहरूलाई पुग्न, घुम्न र भ्रमण गर्न सक्ने थिए । जसले पर्यटन क्षेत्रलाई अगाडि बढाउन मद्दत गर्ने थियो । कालीकोटको पचाल झरनाजस्ता क्षेत्रलाई गन्तव्य सूचीमा राखेर विकास गर्नु अहिलेको आवश्यकता हो ।

पुस्तक समीक्षा

# ‘खुसीको गाउँ’मा हराउँदा



■ रश्मि असफल

*उपन्यास पढ्दा पाठकमा कतै कौतूहल हुनेछ, कतै पात्रसँगै हाँस्नेछन् र कतै आँसु पनि बगाउन सक्नेछन् । जे होस् जसले पढ्न सुरु गर्छ त्यसले पुस्तकको अन्तिम पृष्ठसम्म पढ्नेछ । यो यस उपन्यासको शक्ति पनि यही हो...*

‘पानी परेपछि छाप्पो भएर आउने छिचिमिरा एकैछिनमा साट्सुट्ट हराएजस्तो हराए उनीहरू यहाँबाट ।’ (पृ. २२)

सन् १९८० को दशकको अन्त्यदेखि भुटानले ‘एक देश, एक भाषा’को नीति लिएपछि आफू जन्मिएको माटो छाडी नेपाली भाषा, संस्कृति, रीतिरिवाज मानेकै कारण भुटान छाडी नेपाल आएका भुटानी शरणार्थीले २ दशक नेपालमा बिताएपछि पुनर्वासका लागि तेस्रो मुलुक गए । शिविर खाली भएपछि बस्तीका मानिसले अनुभव गरेको सन्नाटा हो माथिको भनाइ ।

भुटानी शरणार्थी र नेपालीबीच भएको प्रेम सम्बन्धको विषयलाई केन्द्रविन्दु बनाएर शरणार्थी र शरणार्थी शिविर नजिकै रहेको स्थानीय बस्तीको जीवनशैलीलाई मसिनोगरी उजागर गरिएको उपन्यास हो- ‘खुसीको गाउँ ।’ यही उपन्यासको अंश हो उक्त वाक्य ।


झापामा बसेर आख्यान विधामा २०७३ सालमा नै ‘आमाको डायरी’ कथासंग्रह प्रकाशन गरेर आफूलाई सार्वजनिक गरिसकेकी खगिन्द्रा खुसीको दोस्रो कृतिका रूपमा आएको यो उपन्यास २०८२ असारमा प्रकाशन भएको हो ।

‘के मानवीय भावना, प्रेम र विवेकभन्दा जेठो हो र यो भौगोलिक पहिचान ?’ (पृ. ९७)

यस वाक्यभित्र रहेको पीडादायी अभिव्यक्तिले पनि उपन्यासको कथालाई संकेत गरेको छ । पात्रमार्फत मानवीय संवेदना, प्रेम, हार्दिकता र समवेदनालाई बोलिएको छ उपन्यासमा ।

उपन्यासका मुख्य पात्र शरणार्थी शिविर नजिकैकी राधिका (नायिका) र अर्का मुख्य पात्र भुटानी शरणार्थी राजेन्द्रप्रसाद तिवारी (नायक)को बाल्यकालको उत्तरार्धदेखि लगभग आधा जीवनसम्मको कथा यस उपन्यासमा बगेको छ ।

कथानकलाई राधिकाले (प्रथम पुरुष) दृष्टिबिन्दुबाट प्रस्तुत गरेकी छन् । बीचबीचमा संवाद र केही घटना परिघटना पनि थपिएका छन् । सीमित पात्रहरू रहेको यस उपन्यासका सहायक पात्रहरू बस्तीबाट राधिकाको परिवार, छिमेकी ठुलीकान्छी दिदी, राउतनी भाउजु र गौण रूपमा राधिकाका श्रीमान् र उनका परिवार रहेका छन् भने शरणार्थी शिविरबाट राजेन्द्रको परिवार, धनमाया, शिविरमा गुजारा चलाउनका लागि व्यवसाय चलाएर बस्ने




केही शरणार्थीलाई कथामा चिनाउने प्रयास गरिएको छ ।

प्रस्तुतिलाई रोचक बनाउनका लागि केही घटनाहरूलाई संवादात्मक शैलीबाट प्रस्तुत गरिएको छ भने कहीँ प्रवचनात्मक शैलीबाट जोडिएको छ । कुनैकुनै संवादमा पुर्वेली मिठो लवज पनि मिसिएको छ ।

उपन्यास पढ्दा पाठकमा कतै कौतुहल हुनेछ, कतै पात्रसँगै हाँस्ने छन् र कतै आँसु पनि बगाउन सक्नेछन् । जे होस्, जसले पढ्न सुरु गर्छ, त्यसले पुस्तकको अन्तिम पृष्ठसम्म पढ्ने छ । यो यस उपन्यासको शक्ति पनि यही हो । अझ शरणार्थी शिविरसँगै रहेका र शरणार्थी साथीभाइसँगै हुर्किएका अथवा त्यो परिवेश देखे/भोगेका सबैजसोले यो उपन्यास पढ्दा झलझली त्यसबेलाको समय र परिवेश अनि घटनाहरू सम्झिन सक्ने छन् ।

उपन्यासको परिवेश मुख्यतः तत्कालीन समयमा भुटानी शरणार्थी शिविर बसेको झापाको खुदुनाबारी वरिपरि रहेको छ भने नजिकैको शनिश्चरे बजार, बिर्तामोड, इलामसम्म र छिमेकी राष्ट्रको सिमाना पानीट्यांकी तथा नक्सालबारी अनि थोरै अमेरिकासम्म पुगेको छ ।

भुटानी शरणार्थीले बाँचेको जीवनको एउटा पाटोलाई यस उपन्यासमा देखाउने प्रयास गरिएको छ । प्रतिनिधि पात्रबाट प्रतिनिधि घटनाहरूलाई जोडेर शिविर र बस्तीको सम्बन्ध, सोच र व्यवहारलाई यस उपन्यासमा देखाइएको छ ।

अन्तिममा स्रष्टा आफैं सूत्रधार भएर उपन्यास बनेको कुरालाई इमान्दारीसाथ राखेको देखिन्छ । उपन्यासकी नायिकालाई साँच्चै नायिका नै बनाउनका लागि एक सफल पुष्प व्यवसायीको रूपमा समेत प्रस्तुत गरेर स्रष्टाले आफूसँग भएको पुष्प व्यवसायको ज्ञानलाई निकै चतुरतापूर्ण ढंगले पाठकलाई पनि बाँड्ने प्रयास गरेकी छन् ।

झट्ट हेर्दा, राधिका र राजेन्द्रको प्रेमका बाधक राधिकाकी आमा र ठूलीकान्छी दिदी देखिन्छन्, तर यी दुवैको भूमिकालाई उपन्यासमा बेजोडका साथ प्रस्तुत गरिएको छ । ठूलीकान्छी दिदीसँगको मित्रता सुरुदेखि अन्तिमसम्म नै रहेको छ । राधिकाकी आमाको भूमिका साह्रै बौद्धिक र चतुर छ । आमा भएर आफ्ना सन्तानलाई जुन उमेरमा जसरी अभिभावकत्व दिनुपर्छ, त्यसैगरी दिएकी छन् ।

छोरीले दाउरा बेच्न जाँदा गरेको सहयोग, राजेन्द्रले पठाएको प्रेमपत्र पढेपछि छोरीको केही पनि नभनी अर्कै केटासँग बिहे गर्ने तयारी, अर्को केटासँग बिहे निश्चित गराएपछि छोरी भाग्छे कि वा देह त्याग गर्छे कि भनेर गरेको निगरानी, छोरीको घरबार बिग्रिएपछि उसको मुहारमा खुसी देख्नका लागि उसले जुन कदम चाले पनि दिएको साथ र सहमति सबै हेर्दा आमाको भूमिका गज्जब लाग्छ ।

राजन काफ्लेको सुन्दर आवरणले सजिएको पुस्तक जम्मा १२ भागमा विभाजन गरिएको छ । यस उपन्यासको शृंखला २९७ पृष्ठसम्म रहेको छ भने उपन्यास सुरु हुनुपूर्व १० पृष्ठमा पुस्तकको नाम चिनारी, प्रकाशकीय र सर्जकको आफ्नै कुरा समावेश भएको छ ।

विश्व भुटानी साहित्यिक संगठनले प्रकाशनमा ल्याएको यस पुस्तकको वितरणको जिम्मा सम्पूर्ण किताब काठमाडौंले लिएको छ । यसको बजार मूल्य ६ सय ५० रुपैयाँ तोकिएको छ ।

आख्यानको क्षेत्रमा कथाकार भएर उदाएकी स्रष्टा खगिन्द्रा खुसी यसपटक उपन्यासकारका रूपमा आएकी छन्, उनलाई कृति सफलताको शुभकामना ।

कविता

## बीच बाटोमा छोडिएकी ६ बर्से नानीको व्यथा



कुशुम तिवारी पाठक

व्यक्तिको छोरी होइन तिमी यो देशकै छोरी हो ।
पूर्वजन्मको खेल तिम्रो भाग्य यस्तै नै कोरियो ॥

कति सुन्दर मुहार तिम्रो, कति राम्रो तन मन ।
१४ वर्ष सम्मको तिम्रो पीडा नलुकाई भन ॥

नागरिकता बन्यो तिम्रो स्वस्तिका केसी नै ।
अनाथ भई नसोचेको दुःख भोग्यौ बेसी नै ॥

कर्म दिने आमा तिम्रो भगवान् बनेर आउनु भो ।
जन्म दिने आमाले त बाबुसँग छोडेर जानुभयो ॥

कति दुःख पायौ होला, कति कष्ट सह्यौ होला ।
बाबा बाबा भन्दै तिमी कति धेरै रोयौ होला ॥

कहाली लाग्दो जीवन तिम्रो मन थाम्न सकिन ।
तिमीलाई देख्दा महसुस गर्दा रुँदै छु म किन ॥

खानेकुरा ल्याउने आसमा बाबा छोडी गइदिए ।
जन्म दिने बाउ-आमा आज पराइ नै भइदिए ॥

आमा यता बाबा उता बिचमा त्यो सानो बच्चा ।
सानो छोरी अलपत्र पार्ने रहिछ दिमाग कच्चा ॥

कसरी छोड्न सक्यो त्यो सानो छोरीलाई ।
लाग्छ पाप, पछुतो हुन्छ यो जुनी भरिलाई ॥

त्यो राती पख ६ वर्षे बच्चा के गरी बस्दै छ ।
बाबा भन्दै चिच्याउँदै गहभरि आँसु खस्दै छ ।

निर्मला जस्ता कतिको अकालमा ज्यान गयो ।
भगवान् तिम्रो शर्मिला दिदी तिमिमा ध्यान गयो ॥

जन्म दिने बाबाले तिमिलाई बाटोमा फाल्नु भो ।
मनकारी मनले घर लगी १० महिना पाल्नु भो ॥

धन्यवाद दिन्छु भेटाई दिने पत्रकार जीलाई ।
सदैव खुसी छाइदिनु भयो, सबै जना मिलाई ॥

ईश्वरकै रूप रहेछ नि हजुर स्वस्तिका नानीको ।
सदैव रक्षा गर्नु है दाजै आँखाको नानीको ॥

सरकारले नि ध्यान राखोस् नि सानी नानीलाई ।
जन्म दिने हे बाउ-आमा सुधार्नु आफ्नो बानीलाई ॥

तिमिलाई खुसी छाओस् भन्दै लिएर भावना ।
तिम्रो लक्ष्य पूरा हुँदै जाओस् छ शुभकामना ॥

## बिर्सेका त छैनन् तिमीलाई ?



खिमराज गिरी

हिमाल, पहाड र तराईका बस्ती बस्तीहरूमा
पर्खिबसेका थियौं तिमीलाई,
कैयौं वसन्त र शिशिर ऋतुहरू
गुज्रिसक्दा पनि देख्न सकेनौं तिमीलाई,
सामन्ती कुसंस्कार र कुरीतिको पर्खाल तोड्न,
गाह्रै भयो होला तिमीलाई,
अब त तिमी हिँड्ने बाटाका काँडाहरू सबै
पन्छिसकेका छन् भने पनि,
अनि सामन्ती र कु–संस्कारका खाडलहरू
सबै पुरिइसकेका छन् भने पनि,
त्यसैले त कयौं वर्षसम्म संघर्ष गर्नुपर्‍यो,
तिमी आउने बाटाहरू बनाउनलाई,
अनि लोकतन्त्रको दरिलो हाँगाहरू समाउनलाई,
कयौं वर्षसम्मको निरंकुश दबाउनलाई,
अब त सजिलो हुन्छ होला यी बाटाहरू पार गर्न,
भन्नेले जे कुरा भने पनि,
गर्नेले जे कुरा गरे पनि,
निर्भिक र निडर भएर आयौ तिमी,
तर, जनताको नजरमा राम्रो भए पनि,
विदेशीको नजर र इसाराले चल्न खोज्दा
कतै बिर्सेका त होइनन् तिमीलाई ?
अनि नीति र नियमभन्दा पनि नेताको हैकम चल्दा,
कतै अलमलिनु परेको त होइन तिमीलाई ?
भ्रमको भुमरीमा नाच्ने र नचाउनेले गर्दा,
कतै बाटामा काँडाले त कोरेन तिमीलाई ?
तै पनि गणतन्त्र, जनताको सामुमा निडर भएर आयौ
जनताको सुख दुःखमा साथ दिने कसम पनि खायौ,
तर, बेला बेलामा आएको आँधी हुरीले गर्दा,
पक्कै पनि तिमी बिरामी पो भयौ कि ?
चाकरी र चाप्लुसीको धमिलो सागरमा रम्न खोजिँदा,
कतै अनकन्टार जंगलतिर लुक्न पो गयौ कि ?
तर, अझै आशा छ गरिबका बस्ती बस्तीहरूमा पुग्नेछौ
अनि उजाड मरुभूमि हरियाली बनाउने छौ,
भ्रष्टाचार र दुराचारको निरुपण गर्नेछौ,
प्राकृतिक वस्तुहरूको सदुपयोग गर्नेछौ,
जनताको लागि छाना, नाना र मानाको बन्दोबस्ती गर्नेछौ !
तर, डर र त्रासको भुमरीले खण्डित पारेको यो मनलाई
अझै पनि झसङ्ग भएर सोच्न बाध्य तुल्याउँछ,
कतै बिर्सेका त छैनन् तिमीलाई ? बिर्सेका त छैनन् तिमीलाई ?

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



# रौतहटमा नगर प्रहरी : लाखौं खर्च, प्रभावकारी परिचालन हुन नसकेको गुनासो

**धर्मेन्द्रकुमार साह/मध्यान्ह**
रौतहट, २३ साउन




रौतहट जिल्लाका विभिन्न नगरपालिकाले नगर प्रहरी भर्ना गरेर वार्षिक लाखौं रुपैयाँ खर्च गर्दै आएका छन् । तर तीनको प्रभावकारी परिचालन भने हुन नसकेको गुनासो बढ्दै गएको छ।

ईशनाथ नगरपालिकामा हाल १३ जना नगर प्रहरी कार्यरत छन्। उनीहरूको सेवा-सुविधामा नगरपालिकाले मासिक न्यूनतम २ लाख ८ हजार रुपैयाँ खर्च गर्दै आएको छ। यसरी वार्षिक हिसाब गर्दा दशैं भत्ता सुविधासहित करिब २७ लाख रुपैयाँ खर्च भइरहेको छ ।

तर ती नगर प्रहरीको दैनिकी चाडपर्व बाहेकको समय कार्यालय वरिपरि नै बित्ने गरेको स्थानीयको भनाइ छ । मासिक १६ हजार रुपैयाँ तलबमा भर्ना गरिएका नगर प्रहरीहरूलाई नगरपालिका प्रशासनले पर्याप्त जिम्मेवारी दिन नसक्दा उनीहरूको औचित्यमै प्रश्न उठ्न थालेको छ ।

समाजसेवी शेख असदका अनुसार नगर प्रहरीले अतिक्रमण हटाउने, सामान्य विवाद मिलाउने र कार्यालय सुरक्षा दिने जस्ता कार्य गर्ने अपेक्षा गरिन्छ । तर रौतहटका धेरै नगरपालिका कार्यालयहरूले उनीहरूलाई दिनभरि कार्यालयमै राख्ने गरेको र काममा नलगाइएको उनले बताए ।

उनले भने, 'नगर प्रहरी भर्ना गर्ने तर काममा नखटाउने अवस्था आएको छ। यसले नगर प्रहरीको आवश्यकतामै प्रश्न उठाएको छ।' उनले जनशक्तिको राम्रो उपयोग हुन नसकेकोमा चिन्ता व्यक्त गरे ।

ईशनाथ नगरपालिकाका लेखा अधिकृत मनोज ठाकुरका अनुसार, पहिले २१ जना नगर प्रहरी थिए, तर हाल संख्या घटाएर १३ जना बनाइएको हो । उनले नगर प्रहरीहरू दशैं, तिहार तथा स्थानीय मेलामा स्वयंसेवकको रूपमा र कार्यालय सुरक्षाका लागि खटिने दाबी गरे।

तर यही नगरपालिकामा कार्यरत एक कर्मचारीले नाम नखुलाउने सर्तमा चाडपर्वबाहेकका समयमा नगर प्रमुख र प्रशासकीय अधिकृतले नगर प्रहरीलाई निजी काममा प्रयोग गर्ने गरेको आरोप लगाए ।

राजदेवी नगरपालिकाको अवस्था पनि केही फरक छैन । प्रशासनिक रूपमा नगरपालिका भएपनि अधिकांश भू-भाग ग्रामीण रहेको छ । यहाँ विगत ५ वर्षदेखि १० जना नगर प्रहरी कार्यरत छन्, जसको मासिक खर्च करिब १ लाख ८० हजार रुपैयाँ पर्छ ।

प्रमुख प्रशासकीय अधिकृत प्लव कायस्तले ग्रामीण क्षेत्र धेरै भएकाले नगर प्रहरीलाई पर्याप्त काममा खटाउन नसकिएको स्वीकार गरे । उनले नगरपालिकालाई विपद् जोखिमयुक्त क्षेत्र मानेर नगर प्रहरीलाई विपद् सम्बन्धी तालिम दिई तयारी अवस्थामा राखिएको बताए ।

उनका अनुसार नगर प्रहरीहरूलाई वडामा हुने सामान्य झैं-झगडा मिलाउने, न्यायिक समितिका मुद्दामा सहयोग पुऱ्याउने गरी परिचालन गरिएको छ । तर स्थानीय समाजसेवी नविन सिंहले भने गाउँपालिका जस्ता क्षेत्रहरूमा प्रहरीभन्दा शिक्षक वा चिकित्सक आवश्यक भएको उनले बताए ।

उनले भने, 'नगरपालिकाहरूले नगर प्रहरीलाई उपयुक्त रूपमा परिचालन गर्न सकेका छैनन् । अधिकांश नगर प्रहरी स्थानीय तथा राजनीतिक आस्थाका आधारमा भर्ना गरिएका छन्, जसले काम गर्न थप समस्या बनाएको छ ।

# सिरहामा लागूऔषधसहित तीन जना पक्राउ

**मनु यादव निरज/मध्यान्ह**
सिरहा, २३ साउन

सिरहामा छुट्टाछुट्टै स्थानबाट लागुऔषधसहित तीन जनालाई प्रहरीले पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय सिरहा र वडा प्रहरी कार्यालय सिरहाबाट खटिएको संयुक्त टोलीले सिरहा नगरपालिका-९, गुलरिया चौक नजिकको बाँस झ्याङमा लागुऔषध सेवन गरिरहेको सूचना आधारमा चेकजाँच गर्दा एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा सिरहा नगरपालिका-२२ का ३२ वर्षीय रोशन कुमार यादव रहेका छन् । उनको साथबाट १ ग्राम २६ मिलिग्राम ब्राउन सुगरजस्तो देखिने पदार्थ बरामद गरेको छ । उनलाई सिरहा जिल्ला अदालतमा पेश गरी ५ दिनको म्याद लिएर अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । त्यसैगरी, नवराजपुर गाउँपालिका-५, सोनरपुर पोस्ट क्षेत्रमा इलाका प्रहरी कार्यालय झाझपट्टी र सशस्त्र प्रहरी बल बिओपी नवराजपुरको संयुक्त टोलीले भारतबाट नेपालतर्फ आउँदै गरेको प्रदेश २-०१-००२ प २ ९३९ नम्बरको मोटरसाइकल रोकी जाँच गर्दा चालक धनगढीमाई नगरपालिका-१४ का ३९ वर्षीय भाइ काजी साही ठकुरीको हेल्मेटभित्र लुकाइएको सिमपेक्स नामक ५४ ट्याब्लेट बरामद गरिएको छ।

त्यस्तै मोटरसाइकलको पछाडि सवार सोही स्थानका ३० वर्षीय सञ्जय राउतको साथबाट समेत लागुऔषध फेला परेको छ । दुवैजनालाई पक्राउ गरी इलाका प्रहरी कार्यालय महेशपुरपतारमा राखी, सिरहा जिल्ला अदालतमा पेश गरेर ५ दिनको म्याद लिइ अनुसन्धान जारी रहेको जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक (डीएसपी) बिरेन्द्र कुमार पासवानले जानकारी दिए।

## भूल सुधार

मिति २०८२/०४/२३ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित गणपति ट्रेड लिंकको खुद्रा मूल्य सूचीको विज्ञापन सि.नं. १ को माल वस्तुको विवरण डिजिटल क्यामराको प्रति इकाइ मूल्य ५६,५०० र अधिकतम खुद्रा बिक्री मूल्य ५६,५०० हुनुपर्नेमा अन्यथा भएकोले भुल सुधार गरिएको छ ।

**गणपति ट्रेड लिंक,**
ठेगाना: न्यूरोड, काठमाडौं, फोन नं: ९८१८७६१३५८ ।

## मोटरसाइकल हराएको सूचना

मिति २०८२/०४/२० दिउँसो अन्दाजी १२:५५ बजेको समयमा वडा नं १५ आनन्दनगर स्थित घर अगाडी पार्किङ गरी रोखेको लु.प्र ०१-००७ प २३५२ नम्बरको निलो रङ्गको २२० F सिसि पल्सर मोटरसाइकल हराएको हुँदा पाउनुहुने महानुभावले निम्न नम्बर वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु ।

**सवारी धनीको नाम: बुस्ट अटो हब प्रा.लि.**
**ऋणी: सुमन बि.क.**
**च्यासिस नं:** MD2A13EX2SCB83019
**इन्जिन नं:** DKXCSB21494
**सम्पर्क नं: ९८५१३५७९८९**

**कतारमा रोजगार**
कम्पनी: ENERGYPLUS TECHNICAL SERVICES — शहर: DOHA
पूर्व स्वीकृत मिति: २०८२/०४/२३ — चलानी नं.:६०२४२६४८ — L.T. No.: 328789

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Petrochemicals | 25 | 0 | स. काममा दक्ष | 1400 | ५३,७८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन ३१ गते (16 August 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**PROTECH NEPAL EMPLOYMENT PVT. LTD.**
गोंगबु-६, काठमाडौं, नेपाल, फोन: ५९०६९२३, ५९०४९५१, Email : cv.protechnepal@gmail.com
Contact No:9843197806 , 9841280603 , 9766531224
श्रम इजाजत नं. ७९०/०६५/०६६

**युएईमा रोजगार**
कम्पनी: AL JABER SECURITY COMPANY L.L.C. — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/११/०४ — चलानी नं.: ६०२१५०४५ — L.T. No.: 300077 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 112 | 0 | स. काममा दक्ष | 1200 | ४५,७४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: AL JABER SECURITY COMPANY L.L.C. — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/१२/०५ — चलानी नं.: ६०२३४७१७ — L.T. No.: 320426 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards (PSBD) | 47 | 16 | सम्बन्धित काममा दक्ष | 2000 | ७६,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Security Guard - DPS | 3 | 7 | | 1200 | ४५,७४४ | | | | | | | |
| 3. | Assistant Technician/Telecommunication | 19 | 10 | | 1200 | ४५,७४४ | | | | | | | |

**अन्तर्वार्ता बाजेको सेकुवा नागढुङ्गा पोखरामा २०८२ भदौ ३ गते (19 August 2025) मा हुनेछ ।**
**अन्तर्वार्ता सिपी होटल विर्तामोडमा २०८२ भदौ ४ गते (20 August 2025) मा हुनेछ ।**
**अन्तर्वार्ता होटल इन टुरिस्ट इटहरी सुनसरीमा २०८२ भदौ ५ गते (21 August 2025) मा हुनेछ ।**
**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ २,६ गते (18, 22 August 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**सन लाईट ह्युमन रिर्सोस प्रा. लि.** Lic No. 689/063/064
सामाखुसी-०३, काठमाडौं, फोन: ४९८४८३२, ४९८४८३३, 9802341585 , 9700558336, 9864827296.
Birtamod Contact No : 9802313475 ,9707318664 , Pokhara Contact No : 9805827782 , Itahari Contact No: 9704516922, 9702001953

# नेपाल सरकार
## संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
## नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान
**(नेपाल माउन्टेन एकेडेमी)**
**थापागाउँ, बिजुलीबजार, काठमाडौं**

### सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२।०४।२४**
**सूचना नं. MNPP-NCB-02/082/83**

नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठानमा उच्च पर्वतारोहण सम्बन्धि सामाग्रीहरु खरिदका लागि इजाजत प्राप्त फर्म तथा कम्पनीहरुबाट रीतपूर्वकको सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन सम्म यस कार्यालयबाट सिलबन्दी दरभाउपत्र सम्बन्धी डकुमेन्ट खरिद गर्न सकिनेछ । यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२ बजे भित्र सिलबन्दी दरभाउपत्र दाखिला गराई सक्नुपर्नेछ । थप जानकारी प्रतिष्ठानको सूचनापाटी र वेबसाइट www.nma.gov.np मा प्रकाशित गरिनेछ ।

| सि.नं. | ठेक्का नम्बर | खरिद गर्नुपर्ने सामाग्रीहरुको विवरण | बोलपत्र फारम दस्तुर | सेवा अवधी | धरौटी/जमानत रकम | लागत अनुमान (मु.अ.कर सहित) |
|---|---|---|---|---|---|---|
| १ | NPPP-NCB-02/082/83 | 7000 series Shoes, Climbing Rope, Tape Sling, Ski Goggles, Rock Piton, Duffle Bag and Chalk Ball | रु.१,०००।- | २०८२ असोज मसान्त भित्र | रु.५५,०००।- | १९,९९,२५२।५० |

**साउदीमा रोजगार**
कम्पनी: INDIAN SPICES RESTAURANT FOR MEALS — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८१/१२/२८ — चलानी नं.: ६०२३५९७३ — LT. No.: : 321863 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 8 | 0 | स. काममा दक्ष | 1200 | ४४,७७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन ३१ गते (16 August 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**PRINCE INTERNATIONAL EMPLOYMENT SERVICE PVT. LTD.** Govt. Lic. No. 435/060/061
Samakhusi- 26, Kathmandu, Nepal. Tel.: +977- 01-43876550, Mobile No: 9851078710, 9808735410, 9843465784, Email: employmentprince@gmail.com, website: www.employmentprince.com.np.

**यूएईमा रोजगार**
कम्पनी: Radhey polymer processing factory llc — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/०९/११ — चलानी नं.: ६०२३०४३२ — L.T. No.: 316120 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing of Furniture) | 4 | 0 | स. काममा दक्ष | 800 | ३०,४९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: AL ARABIAH POLYSTYRENE & INSULATION LLC — शहर: RAS AL KHAIMAH
पूर्व स्वीकृत मिति: २०८१/०९/२५ — चलानी नं.: ६०२३१०९९ — L.T. No.: 316849 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Basic Machine Operator | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४५,७४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Filler And Packer | 3 | 0 | | 800 | ३०,४९६ | | | | | | | |
| 3. | General Worker/Factory Worker | 2 | 0 | | 800 | ३०,४९६ | | | | | | | |
| 4. | Packers | 5 | 0 | | 800 | ३०,४९६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालाय काठमाण्डौमा २०८२ साउन ३१ गते (16 August 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**NAUKRI NEPAL Recruitment Service Pvt. Ltd.**
Birendra Ayswarya Marga, Mitranagar, Gangabu, Kathmandu
Ph.: 4962686 |4985786 | 4985784 |9801059994, 9801059992, 9801059997, 9801056689
Chitwan Contact No: 056512368, 9761890793, 9765228663, 056512369, 9769328733, Jhapa Contact 980202898
Itahari Contact No: 9816368105 | 9810591900, Pokhara Contact No : 9856035442 | 9804162771
Email: cv.naukrinepal@gmail.com | Web: www.naukrinepal.com | like us on facebook.com/naukri.nepal
इजाजत पत्र नं. ६५७/०६३/०६४

**साउदीमा रोजगार**
कम्पनी : SHAHI BUBBLES FOR SERVING DRINKS EST. — शहर: SAUDI,JEDDAH
पूर्व स्वीकृत मिति: २०८२/०४/२३ — चलानी नं.: ६०२४२६३२ — LT. No: 328790

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 4 | 0 | स. काममा दक्ष | 1200 | ४४,७७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन ३१ गते (16 August 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**याक्का ओभरसिज इम्प्लोइमेण्ट कन्सल्ट प्रा. लि.**
महाराजगञ्ज, धारामार्ग, काठमाडौं, नेपाल, फ्याक्स: ४४३२६६६
फोन: ४५३२१११, ४५३३२६६६
श्रम इजाजत नं. १७८/०५७/०५८

**ZERO COST RECRUITMENT OPPORTUNITY FOR UAE !!**
**शून्य लागत अन्तर्गत युएईमा वैदेशिक रोजगारीको अवसर !!**
कम्पनी: KELVIN CATERING SERVICES & FACILITIES MANAGEMENT EMIRATES L.L.C. — देश : UAE
पूर्व स्वीकृत मिति: २०८०/१०/०३ — चलानी नं.: ६०२१३१३० — LT. No.:297771 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Store Helper | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३८,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner/Sweepers (General) | 5 | 0 | | 1000 | ३८,१२० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन ३१ गते (16 August 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० रोजगारदाताले | रु. १,५०० रोजगारदाताले | नि:शुल्क |

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमुलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर फ्लेक्स आदि पूर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौं ।
We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.
Information provided by the Department of Foreign Employment (DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment (DOFE), Tahachal.

**Vision & Value Overseas Pvt. Ltd.**
License No.: 822|066|067
GPO Box: 7764, Dhapasi Marg, Basundhara, Kathmandu, Nepal
Tel. : 014379749 | 014379162 | 014379450 | 9863194839 | 9863194834 | 9863194832
Email: apply@vnvnepal.com | Website: vnvnepal.com

# लेटाङ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**लेटाङ, मोरङ**
**कोशी प्रदेश, नेपाल**

### बिज्ञापन कर सङ्कलन ठेक्काको सूचना

**दोश्रो पटक प्रकाशित मिति: २०८२/०४/२४**

यस कार्यालयद्वारा आगामी आ.व. २०८२/०८३ को लागि लेटाङ नगरपालिका सार्वजनिक खरिद नियमावली २०७६ को नियम १३८ बमोजिम तपसिलमा उल्लिखित कर संकलनको कार्य ठेक्काद्वारा बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक फर्म, वा कम्पनीले यो सूचना प्रकाशन भएको मितिले १५दिन भित्र यस कार्यालयमा हार्ड कपी निम्न शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**निम्न:**

१. सिलबन्दी दरभाउपत्र दस्तुर रु १,०००।०० को भौचर लेटाङ नगरपालिकाको राष्ट्रिय बाणिज्य बैङ्क, शाखा कार्यालय लेटाङमा रहेको (ग१.१) आन्तरिक राजस्व खाता नं २४५०१००३०१०१०००२, राजस्व शिर्षक नं १४२४९ मा (पछि फिर्ता नहुने गरी) जम्मा गर्नुपर्नेछ ।
२. सिलबन्दी दरभाउपत्र पेश गर्दा बोलपत्र जमानत बापत आफूले कबूल गरेको मु.अ. कर सहितको अंकको ५ प्रतिशतले हुन आउने रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैङ्क, शाखा कार्यालय लेटाङमा रहेको (ग३) धरौटी खाता नं. २४५०१००३०३००००००२ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा "क" वर्गको बैंकबाट जारी भएको २०८२ कार्तिक २१ गते सम्म म्याद भएको बोलपत्र जमानत संलग्न गर्नुपर्नेछ ।
३. सिलबन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम दिन वा सिलबन्दी दाखिला गर्ने दिन सार्वजनिक बिदा पर्न गएमा सो को भोलिपल्ट उल्लिखित कार्यहरू गरिनेछ ।
४.यस कार्यका लागि Pre bid Meeting मिति २०८२.०४.३० गते दिनको १ बजे यस कार्यालयमा बस्नेछ ।
५. रितपुर्वक दाखिला भएको सिलबन्दी दरभाउपत्र देहायअनुसारको मिति र समयमा यस कार्यालयका प्रतिनिधि र ठेकेदार वा निजका प्रतिनिधिको रोहवरमा खोलिनेछ । तर ठेकेदार वा निजका प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
६. सिलबन्दी दरभाउपत्र पेश गर्न व्यवसाय दर्ता प्रमाणपत्र आ.व. २०८१/०८२ को लागि नविकरण भएको, आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्र र VAT दर्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।
७. आफूले कबोल गरेको रकम एकमुस्ट बुझाई सम्झौता गर्न आएमा अधिकतम १० प्रतिशतसम्म छुट दिन सकिनेछ । तर मु.अ.करमा छुट हुने छैन ।
८. किस्तामा बुझाउन चाहेमा प्रथम किस्ता बापत ६० प्रतिशत रकम बुझाउनु पर्ने र दोस्रो किस्ता २० प्रतिशत पौष मसान्तसम्म र अन्तिम किस्ता २० प्रतिशत वैशाख मसान्तसम्म बुझाउनु पर्नेछ । तर त्यसरी किस्तामा सम्झौता गर्दा बुझाउन बाँकी रकम बराबरको कार्यसम्पादन जमानत पेश गर्नु पर्नेछ ।
९. अन्य कुरा प्रचलित ऐन, नियम बमोजिम हुनेछ।
१०.थप जानकारीका लागि सम्पर्क नम्बर:९८५२०६९१११२ e–mail : letangmunicipality@gmail.com

| क्र.स. | ठेक्का नं. | ठेक्काको नाम | ठेक्का अवधि | न्युनतम कबोल अङ्क (मु.अ.कर सहित) | सिलबन्दि दर भाउपत्र दस्तुर | धरौटी रकम | दरभाउ पत्र बुझाउने अन्तिम मिति र समय | दरभाउ पत्र खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| १ | LM/MOR/SQ/REV/2081/082/05 | लेटाङ नगर पालिका क्षेत्रभित्र विज्ञापनकर सङ्कलन ठेक्का | १ बर्ष | ३,७२,९००।०० | १,०००।०० | कबोल अङ्क मु.अ.कर सहितको ५ प्रतिशत | २०८२/०५/०८दिनको १२:०० बजे सम्म (हार्ड कपी) | २०८२/०५/०८ दिनको १:०० बजे |

**निमित्त प्रमुख प्रशासकीय अधिकृत**

# बुढीगण्डकी जलविद्युत् आयोजनाका लागि लगानी जुट्यो

**मध्यान्ह संवाददाता**
गोरखा, २३ साउन



बुढीगण्डकी जलविद्युत् आयोजनाका लागि लगानी जुटेको छ । साहस ऊर्जा मुख्य साझेदार रहेको टाइम्स इनर्जीले निर्माण गर्न लागेको कुल ३ सय ४१ मेगावाट क्षमताको आयोजनाका लागि १० वटा बैंकले लगानी गर्ने भएका हुन् ।

अनुमानित ७० अर्ब लागतमा निर्माण हुन लागेको आयोजनाका लागि ५२ अर्ब ५० करोड लगानी गर्न टाइम्स इनर्जी र बैंक तथा वित्तीय संस्थाबीच सम्झौतापत्रमा हस्ताक्षर भएको हो । सम्झौतापत्रमा टाइम्स इनर्जीका सुशील थापा र बैंकहरूको नेतृत्व गरेको नेपाल इन्भेस्टमेन्ट बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) ज्योतिप्रकाश पाण्डेले हस्ताक्षर गरे ।

सम्झौताअनुसार एनआईएमबीले १० अर्ब, नबिल बैंकले ८ अर्ब, लक्ष्मी सनराइज बैंकले ८ अर्ब र ग्लोबल आइएमई बैंकले ७ अर्ब ऋण लगानी गर्ने भएका छन् । साथै हाइड्रो इलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेड (एचआइडिसिएल)ले ४ अर्ब, माछापुच्छ्रे बैंकले ४ अर्ब, सिटिजन्स बैंकले ३ अर्ब, नेपाल इन्फ्रास्ट्रक्चर बैंकले ३ अर्ब, प्रभु बैंकले ३ अर्ब र कृषि विकास बैंकले २ अर्ब ५० करोड ऋण लगानी गर्ने भएका छन् । सम्झौतापत्रमा पाँच वर्ष चार महिनाभित्र ऋण भुक्तानी गर्ने उल्लेख गरिएको छ ।

प्रवर्धक कम्पनी र नेपाल विद्युत् प्राधिकरणबीच विद्युत् खरिद बिक्री सम्झौता (पिपिए) पनि भइसकेको छ । वर्षायामका लागि प्रतियुनिट ४ रुपैयाँ ८० पैसा, सामान्य सुक्खायामका लागि ८ रुपैयाँ ४० पैसा र मुख्य सुक्खायामका लागि १० रुपैयाँ ५५ पैसामा बिक्री गर्नेगरी सम्झौता गरिएको छ ।

कुल २५ प्रतिशत लगानी अर्थात् १७ अर्ब ५० करोड भने प्रवर्धक कम्पनीले स्वपुँजीका रूपमा लगानी गर्नेछ । टाइम्स इनर्जीमा साहस ऊर्जाको ५१ प्रतिशत सेयर स्वामित्व छ । परियोजनामा प्रतिमेगावाट २० करोड ५३ लाख लगानी हुनेछ । परियोजनाबाट वर्षायाममा १ हजार ३ सय ४.०४ गिगावाट, सामान्य सुक्खायाममा २ सय ४३.४३ मेगावाट र मुख्य सुक्खायाममा ३२०.३० गिगावाट विद्युत् उत्पादन हुनेछ ।

लगानी सम्झौता समारोहमा प्रवर्धक कम्पनी टाइम्स इनर्जीले आउँदो भदौबाट बाँध तथा पावरहाउस निर्माणका लागि जग्गा तयार गर्ने काम सुरु हुने र चैतबाट निर्माण सुरु गर्ने जानकारी दिएको छ । आयोजनाले २०८७ साल पुस १५ गतेदेखि विद्यतको व्यावसायिक उत्पादन सुरु गर्ने लक्ष्य लिएको छ । उत्पादित विद्युत् ४५ किलोमिटर पर रहेको नुवाकोटको रातामाटे सबस्टेसनमा लगेर जोडिनेछ। सो सबस्टेसन मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी)को सहयोगमा निर्माण भइरहेको छ ।

गोरखाको चुमनुब्री-३ सल्लेरीमा बाँध बनाएर ६ दशमलव ९ किलोमिटर सुरुङमार्फत पानी झारेर धार्चे गाउँपालिका-३ तातोपानीमा पावर हाउस निर्माण गर्ने कम्पनीले जनाएको छ । कम्पनीले यसअघि निजी क्षेत्रकै सबैभन्दा ठुलो ८६ मेगावाटको सोलुखोला दूधकोशी जलविद्युत् आयोजना निर्माण सम्पन्न गरिसकेको र २ सय ८५ मेगावाट क्षमताको माथिल्लो तमोर जलविद्युत् आयोजना निर्माण गरिरहेको अनुभव छ। यो आयोजना निजी क्षेत्रबाट सञ्चालित अहिलेसम्मको ठुलो आयोजना हो ।

# फोर्स गाडी खरिद गर्दा व्यवसायीको बिचल्ली कम्पनीसँग क्षतिपूर्ति माग

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ साउन



फोर्स गाडी खरिदबाट पीडित बनेका यातायात व्यवसायीहरूले आयाम इन्टरकन्टिनेन्टल प्रालिसँग क्षतिपूर्ति माग गरेका छन् । दिक्तेल रुपाकोट हलेसी दर्शन यातायात प्रालि तथा फोर्स कम्पनीका गाडी खरिद गरेका व्यवसायीले विक्रेता कम्पनी आयाम इन्टरकन्टिनेन्टलसँग क्षतिपूर्ति माग गरेका हुन् ।

नेपालका लागि फोर्स मोटर्सको आधिकारिक विक्रेता आयाम इन्टरकन्टिनेन्टलले व्यवसायीहरूलाई विश्वकै उत्कृष्ट इन्जिन प्रयोग भएको गाडी भन्दै फोर्स गाडी किन्न प्रेरित गरेको व्यवसायीले बताएका छन् । सुमो गाडीबाट यातायात व्यवसाय गर्दै आएका व्यवसायीहरू जर्मन कम्पनीको मर्सिडिज गाडीमा प्रयोग हुने इन्जिन प्रयोग भएको फोर्स गाडी नेपालको जस्तोसुकै बाटोमा चलाउन सकिने र अरूभन्दा टिकाउ हुने भनेपछि सो गाडी खरिद गर्न राजी भएका थिए । तर, कम्पनीले दाबी गरेअनुसार इन्जिन र सर्भिस दुवै नभएको व्यवसायीहरूको आरोप छ ।

२०७३ सालमा दिक्तेल रुपाकोट हलेसी दर्शन यातायात प्रालिले आयाम इन्टरकन्टिनेन्टलसँग भद्र सहमति गरेर फोर्स गाडी भित्र्याएको थियो । कम्पनीले गाडी कच्ची सडकमा पनि राम्रोसँग चल्ने आश्वासन दिएको थियो तर कम्पनीले भने जस्तो कुनै पनि दाबी नपुगेको व्यवसायीको आरोप छ ।

दिक्तेल रुपाकोट हलेसी दर्शन यातायातका महासचिव देवान राईले २०७३ सालमा फोर्स गाडी खरिद गरेको एक महिनामै गुड्दा गुड्दै गाडीको इन्जिन एक्कासि सिज भएको बताए । उनले यसबारे जानकारी गराउँदा वारेन्टी भएकाले आत्तिनुनपर्ने आस्वासन कम्पनीले दिएको थियो । कम्पनीले नयाँ इन्जिन जडान गरिदिएको तर मर्मतपछि पनि गाडीले दाबी गरेअनुसार काम गर्न नसकेको महासचिव राईको भनाइ छ ।

गुड्दा गुड्दै बीच बाटोमा पांग्रा खुस्किएर दुर्घटना भएको धेरै उदाहरण दिँदै कम्पनीले कमसल सामानलाई उत्कृष्ट भनेर बेचेको महासचिव राईको आरोप छ । सुमोलाई विस्थापित गरेर फोर्स भित्र्याएका व्यवसायी अहिले मर्मत र किस्तामै भएको पैसा सकिएको बताउँछन् । उनीहरूका अनुसार महँगो मूल्यमा किनेर मर्मत गरिरहनुपर्दा व्यवसायीहरू गाडीको किस्ता तिर्न नसक्ने अवस्थामा छन् ।

अहिले फोर्स गाडीहरू विस्थापित हुन लागिसकेको र भएको पनि मोडिफाइ गरेको चलाउनुपर्ने बाध्यता रहेको व्यवसायीहरूको गुनासो छ । दिक्तेल रुपाकोट हलेसी दर्शन यातायातका अध्यक्ष हरिबहादुर राईले सरकारले यस विषयमा गम्भीर भएर छानबिन गर्नुपर्ने बताए । उनले गाडीहरू थन्किएर बसेपछि यातायात व्यवसायी विस्थापित भएर विदेश पलायन हुनुपरेको भन्दै यसलाई रोक्न सरकारलाई अनुरोध गरेका छन् ।

आयाम इन्टरकन्टिनेन्टलले आफूहरूलाई ठगेको भन्दै व्यवसायीहरूले आज काठमाडौंमा पत्रकार सम्मेलनमार्फत कम्पनीसँग क्षतिपूर्ति मागसहित सशक्त आन्दोलन गर्ने चेतावनी दिएका छन् । उनीहरूले कम्पनीको ग्यारेजमा थन्किएर बसेको देवान राईसहित अन्य व्यवसायीहरूको गाडीको सम्पूर्ण हिसाब गरी आजसम्मको बैंकको साँवा-ब्याजसहित क्षतिपूर्ति उपलब्ध गराउन माग गरेका छन् ।

त्यस्तै, फोर्स गाडीबाट पीडित बनेका अन्य सम्पूर्ण व्यवसायीको आर्थिक र मानसिक क्षतिको उचित मूल्यांकन गरी क्षतिपूर्ति दिन उनीहरूले माग गरेका छन् । कम्पनीले सार्वजनिक रूपमा आफ्नो प्राविधिक त्रुटि स्वीकार गरी बजारमा रहेका अन्य गाडीहरूको व्यवस्थापन गर्नुका साथै राज्यका सम्बन्धित निकायले यस विषयमा गम्भीर छानबिन गर्नुपर्ने यातायात व्यवसायीको माग छ । आफ्नो मागलाई कम्पनी र सरकारले गम्भीर रूपमा नलिए सम्पूर्ण यातायात व्यवसायी चरणबद्ध आन्दोलन गर्ने तयारीमा रहेको महासचिव राईले जानकारी दिए ।

## नबिल बैंकलाई दुई उपाधि




**काठमाडौं/मस-** नबिल बैंकले एसियन बैंकिङ एन्ड फाइनान्स अवार्ड २०२५ मा दुई प्रतिष्ठित उपाधि प्राप्त गरेको छ । बैंकले 'साइबर सेक्युरिटी इनोभेसन अवार्ड नेपाल' र 'नेपाल डोमेस्टिक प्रोजेक्ट फाइनान्स बैंक अफ द इयर' प्राप्त गरेको हो ।

अत्याधुनिक प्रविधि, उत्कृष्ट सेवा, ग्राहक तथा सरोकारवालाप्रति देखाएको प्रतिबद्धता, भरपर्दो र सहज बैंकिङ अनुभव प्रदान गर्न अपनाएको रणनीतिका कारण प्राप्त गरेको हो । यसैगरी, बैंकले मुलुकका महत्वपूर्ण पूर्वाधार तथा विकास आयोजनाहरूमा वित्तीय साझेदारी गरेका कारण नेपाल डोमेस्टिक प्रोजेक्ट फाइनान्स बैंक अफ द इयर अवार्ड प्राप्त गरेको हो ।

'यी अवार्डहरू हाम्रो सम्पूर्ण टिमको निरन्तर परिश्रम र नवप्रवर्तनप्रतिको समर्पणको प्रतिफल हुन्, हामीलाई विश्वास गर्ने हाम्रा ग्राहक, साझेदार र सरोकारवालाप्रति हामी अत्यन्त आभारी छौं,' नबिल बैंकका प्रमुख कार्यकारी अधिकृत मनोज ज्ञवालीले भने । उनले भविष्यमा पनि स्मार्ट र सुरक्षित बैंकिङ सेवामार्फत नेपाली बैंकिङलाई नयाँ उचाइमा पुर्‍याउने प्रतिबद्धता व्यक्त गरे ।

**कम्पनीको नाम परिवर्तन भएको सूचना**

**दोश्रो पटक प्रकाशित मिति : २०८२/०४/२४**

यस कम्पनीको विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८२/०४/०५ मा स्वीकृति प्राप्त भई साविक कम्पनी **म्याङ्गो सफ्टवेयर सोलुशन प्रा. लि.** (प्रा. लि.नं.२०९११६) को नाममा रहेको सम्पूर्ण चल/अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको **यूरेका सिस्टम्स प्रा. लि.** अंग्रेजीमा **Ureka Systems Pvt. Ltd.** ले सकार्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**साउदीमा रोजगार**
कम्पनी : MAZADHAHER BEVERAGES SERVICES CAFE COMPANY — शहर : ABHA
पूर्व स्वीकृत मिति: २०८२/०४/२३ — चलानी नं.: ६०२४२६२५ — LT. No.: 328774

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 1 | 0 | स. काममा दक्ष | 1300 | ४८,५०३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन ३१ गते (16 August 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

टि. जि. एल. नेपाल प्रा. लि.
बसुन्धारा, काठमाडौं, (नापी कार्यालय अगाडी), फोन: ५९०६२५२ फ्याक्स: ५९०६२५३
श्रम इजाजत नं. ८५३/०६६/०६७

**साउदीमा रोजगार**
कम्पनी : AL GHASSAB CALLIGRAPHER FACTORY FOR INDUSTRY — शहर : SAUDI
पुर्व स्वीकृत मिति: २०८२/०४/२२ — चलानी नं.: ६०२४२६२३ — LT. No.: 328813

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker (Manufacturing of Metal Stamping) | 1 | 0 | स. काममा दक्ष | 1200 | ४४,७७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन ३१ गते (16 August 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Empower Huntr H.R. Solution Pvt. Ltd. — Gov. Lic No. 1150/073/074
(साबिक Empower Human Resources Management Pvt. Ltd)
Sinamangal -9, Near by Hope Hospital, Kathmandu, Nepal, Tel.: 01-4560541, 01-4588265
Mobile No 9818766422 | 9819063243 | 9814048923 | 9843524997 | 9860700057
9813657032 | 9851049746 | 9806080426, 9823040845 Email: empowerhrnepal@gmail.com
Jhapa Branch : 023-535323 | Chitwan Branch : 9855016639 | Butwal Branch : 9851178901

**साउदी तथा कतारमा वैदेशिक रोजगारको अवसर**

कम्पनी: Core Alliance Est. — शहर: Saudi Arabia,Riyadh
पूर्व स्वीकृती मिति : २०८२/०४/२३ — चलानी नं.६०२४२६२९ — LT No. 328803

| सि. नं. | कामदारको पद | माग संख्या (पुरुष) | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Heavy Truck Drivers | 2 | काममा दक्ष | 1800 | ६७,१५० | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | २ वर्ष |

कम्पनी : D A K Contracting & Cleaning Services — शहर: Doha, Qatar
पूर्व स्वीकृती मिति : २०८२/०४/२१ — चलानी नं.६०२४२६२८ — LT No. 328629

| सि. नं. | कामदारको पद | माग संख्या (पुरुष) | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cleaner Windows | 1 | काममा दक्ष | 1000 | ३८,४५५ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | २ वर्ष |
| २. | Office Workers | 2 | | 1000 | ३८,४५५ | | | | | | |
| ३. | Labour | 3 | | 1000 | ३८,४५५ | | | | | | |
| ४. | Salesperson(Male) | 3 | | 1400 | ५३,८३० | | | | | | |
| ५. | Tea Coffee Maker | 1 | | 1400 | ५३,८३० | | | | | | |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने / नहुने र प्रिमियर कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कुल लागत खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | कम्पनीले | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले दिने | कामदार आफैले | रु ७००/- कामदार आफैले | रु १५००/- कामदार आफैले | निःशुल्क | निःशुल्क |

अन्तरवार्ता म्यानपावरको कार्यलय काठमाडौंमा २०८२ साउन ३१ गते (16 Aug, 2025) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई सेवा शुल्क बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसग राख्नुहोला । ६) काममा विदेश जादा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे श्रम तथा रोजगार प्रवर्द्धन विभाग ताहाचल, काठमाडौंमा सम्पर्क राख्नुहोला ।

Empire International Pvt. Ltd.
Shantinagar, Kathmandu, Nepal
Phone No: 01-4621348, 4620715
E-mail: jobs@empirenepal.com
Lic. No. 695/063/064

**होटल फरेष्ट इन लि.**
बुढानिलकण्ठ-१, काठमाण्डौं, नेपाल

**दोस्रो वार्षिक साधारण सभाको सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०८२/०४/२४**

यस कम्पनीको मिति २०८२/०४/०७ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार यस कम्पनीको वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ बमोजिम सम्पुर्ण शेयरधनी महानुभावहरुको लागि यो सूचना जारी गरिएको छ । अन्य सूचना प्राप्त नभए यसै सूचनालाई आधारमानी सभामा उपस्थित हुनका लागि हार्दिक अनुरोध गर्दछौं ।

**साधारण सभामा छलफल गरिने एजेण्डाहरुः**

१. अध्यक्षज्यूले पेश गर्नु हुने आ.व. २०८१।०८२ को वार्षिक प्रतिवेदन अनुमोदन गर्ने सम्बन्धमा ।
२. आ.व. २०८१।०८२ को लेखा परिक्षकको प्रतिवेदन अनुमोदन गर्ने सम्बन्धमा ।
३. आगामी आ.व. २०८२।०८३ को निम्ति लेखा परिक्षकको नियुक्ति र निजको परिश्रमिक तोक्ने सम्बन्धमा ।
४. संशोधित पूँजी अनुसार प्रारम्भिक सार्वजनिक निष्काशन गर्ने तथा विशेष साधारण सभाको निर्णय अनुमोदन गरिने सम्बन्धमा ।
५. विविध ।

**२. साधारण सभा बस्ने मिति, स्थान र समय ;**

मिति : २०८२/०४/३० (तदनुसार १५ अगष्ट २०२५) शुक्रबार
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, बुढानिलकण्ठ, काठमाण्डौं ।
समय : ८ बजे (बिहान)
सम्पर्क : ०१–४५४०४६५

**सञ्चालक समितीको आज्ञाले**
**कम्पनी सचिव**

यसै दैनिक पत्रिकाको मिति २०८२/०४/०८ गते प्रथम पटक प्रकाशित सूचनामा प्रस्ताव न ४ मा विशेष साधारण सभाको निर्णय अनुमोदन गरिने सम्बन्धमा छुटेकोले यसै सूचनाबाट सच्चाईएको छ ।

**ZERO COST RECRUITMENT OPPORTUNITY IN MALAYSIA!!**
**शून्य लागत अन्तर्गत मलेसियामा रोजगारीको अवसर !!**

रोजगारदाता कम्पनी : फर्स्ट नेशनवाइड केल एस.डि.एन. बि.एच.डी । ठेगाना : मलेसिया
(Employer Company) : FIRST NATIONWIDE KEL SDN. BHD. Address: MALAYSIA

| पूर्व स्वीकृत मिति: | २०८२/०४/२० | चलानी नं.: | ६०२४२३६१ | एल टि नं.: | ३२८४९० |
|---|---|---|---|---|---|
| Pre Approval Date: | 2025/08/05 | Invoice No.: | 60242361 | L.T. No.: | 328490 |

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | माग संख्या महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary रिङ्गिट MYR | ने.रु.(परिवर्तनीय) NPR(Convertible) | ओभरटाइम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | बार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ओएल पाल्म कामदार Oil Palm Worker | ३० 30 | ० 0 | स. काममा दक्ष Experience in related work. | १७०० 1700 | ५६,१५१ 56,151 | कम्पनीको नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | मलेसिया सरकारको नियम अनुसार As per the Malaysia Govt. rule | छैन NO | रिङ्गिट ५० कामदार को मासिक तलबबाट काटिनेछ RM 50 deduction from monthly wage of worker | दुई वर्ष 2 Years |

रोजगारदाता कम्पनी : फर्स्ट नेशनवाइड याकिन एस.डि.एन. बि.एच.डी । ठेगाना : मलेसिया
(Employer Company) : FIRST NATIONWIDE YAKIN SDN. BHD. Address: MALAYSIA

| पूर्व स्वीकृत मिति: | २०८२/०४/२० | चलानी नं.: | ६०२४२३६२ | एल टि नं.: | ३२८४९१ |
|---|---|---|---|---|---|
| Pre Approval Date: | 2025/08/05 | Invoice No.: | 60242362 | L.T. No.: | 328491 |

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | माग संख्या महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary रिङ्गिट MYR | ने.रु.(परिवर्तनीय) NPR(Convertible) | ओभरटाइम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | बार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ओएल पाल्म कामदार Oil Palm Worker | २० 20 | ० 0 | स. काममा दक्ष Experience in related work. | १७०० 1700 | ५६,१५१ 56,151 | कम्पनीको नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | मलेसिया सरकारको नियम अनुसार As per the Malaysia Govt. rule | छैन NO | रिङ्गिट ५० कामदार को मासिक तलबबाट काटिनेछ RM 50 deduction from monthly wage of worker | दुई वर्ष 2 Years |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | बिदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कस्ले व्यहोर्ने Who will bear the Visa Cost | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने Who will bear the Visa Stamping Cost | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी व्यवस्था Management of Workers Welfare Fund | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने How much is the Service Fee and who will bear it | सामाजिक सुरक्षा कोष कस्ले व्यहोर्ने Who will bear Social Security Fund |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने उमेर १८ देखि ३५:ने.रु.३७०८।- उमेर ३६ देखि ५०:ने.रु.४९३१।- उमेर ५१ देखि ६४:ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | ने.रु.७००।- रोजगारदाताले व्यहोर्ने NPR 700/- By the Employer | ने.रु.१५००।- रोजगारदाताले व्यहोर्ने NPR 1500/- By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer |

**महत्वपूर्ण नोट (IMPORTANT NOTE):**
Free Medical निःशुल्क मेडिकल — Free Visa निःशुल्क भिसा
Free Transportation निःशुल्क यातायात — Free Food & Accommodation निःशुल्क खाना र आवास
Free Passport (Unused) निःशुल्क राहदानी (प्रयोग नगरिएको)
Free PDO निःशुल्क पिडिओ — Free Air Ticket निःशुल्क हवाई टिकट
No Processing Fees प्रकृया शुल्क नलाग्ने — No Deposit कुनै रकम जम्मा गर्नु नपर्ने
No Service Charge सेवा शुल्क नलाग्ने — No Mediator मध्यस्थकर्ता निषेधित

*Applications can also be submitted through our official website: www.trendwayinternational.com.
आवेदनहरू हाम्रो आधिकारिक वेबसाइट www.trendwayinternational.com. मार्फत पनि बुझाउन सकिनेछ ।
*Applicants are requested to bring at least two government-issued IDs when coming for the pre-interview.
आवेदकहरूलाई पूर्व-अन्तर्वार्ताको लागि आउँदा कम्तिमा दुईवटा सरकारले जारी गरेको परिचयपत्र ल्याउन अनुरोध गरिन्छ ।

All the applicants are requested to apply directly without using any mediator. Trendway International Pvt. Ltd. does not have any branch office or sub-agent representative. Applicants or their family members are not required to pay any form of fees for this recruitment, processing and placement.
सबै आवेदकहरूलाई कुनै पनि मध्यस्थकर्ता प्रयोग नगरी सिधै आवेदन दिन अनुरोध गरिन्छ ।
ट्रेन्डवे इन्टरनेशनल प्रा. लि. को कुनै शाखा कार्यालय वा उप-एजेन्ट प्रतिनिधि छैन ।
आवेदक वा आवेदकका परिवारका सदस्यहरूले यो भर्ती, प्रकृया र नियुक्तिको लागि कुनै पनि प्रकारको शुल्क तिर्न आवश्यक छैन।

Final Interview on 16th August, 2025 at Trendway International office premises.
अन्तिम अन्तर्वार्ता ३१ साउन २०८२ मा ट्रेन्डवे इन्टरनेशनलको कार्यालय परिसरमा हुनेछ।

यदी कोही कसैले यस कम्पनीमा भर्ती हुन कुनै किसिमको प्रलोभन, आर्थिक माग र कुनै अवैध क्रियाकलाप गर्न/गराउन खोजेमा कृपया हामीलाई निम्न सम्पर्क नम्बर र इमेलमा सम्पर्क गर्नुहुन जानकारी गराईन्छ । हामी तपाईको गोपनियता सुनिश्चित राख्नेछौं । If anyone shows any kind of false temptations, financial demands or force to involve into any illegal activity, please contact us on the following contact number and email. We shall maintain your confidentiality.
Helpline (Trendway International) : +977 9869135666 |
Email : grievance@trendwayinternational.com

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३.यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनु पर्नेछ । ५.विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७.यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहचलमा सम्पर्क गर्नुहोला।
Information provided by the Department of Foreign Employment (DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahchal.

Beyond Horizon... Trendway International Pvt. Ltd. ट्रेन्डवे इन्टरनेशनल प्रा.लि.
License No. 616/063/064
Address: House No.89/21, Bal Bhadra Marg, Milan Chowk, Mid-Baneshwor, Kathmandu, Nepal
ठेगाना: घर नं. ८९/२१, बालभद्र मार्ग, मिलन चोक, मध्यबानेश्वर, काठमाडौं, नेपाल
Contact No. : (+977) 01-4105016, 01-4105017
सम्पर्क नं. : (००९७७) ०१-४१०५०१६, ०१-४१०५०१७
: 9807380555, 9801189555, 9801162555, 9802352444
सम्पर्क समय. : 9 am to 5 pm

मध्यान्ह
www.madhyanhadaily.com
गो.ह.का.द.नं. ३३/०६९/०७०
२४ साउन २०८२ शनिबार
9 August 2025 Saturday



# केदार घिमिरेको कलाकारिता र सपना

बस्ने घिमिरे अहिले निर्माता-निर्देशकको पहिलो रोजाइमा पर्छन् ।

केदारघिमिरेको प्रारम्भिक जीवन रेडियोसँग

**काठमाडौं/मस–** काठमाडौंको रंगमञ्च होस् वा टेलिभिजनको पर्दा, एक हाँसोको छायाले नेपाली दर्शकलाई वर्षौंसम्म बाँधेर राख्ने पात्रको नाम हो- केदार घिमिरे 'माग्ने बुढा' । यो नाम सुन्नासाथ धेरैलाई सम्झना हुन्छ, गाउँको भेषभूषामा, टुक्रिएको टोपी र चकलेटजस्तो बोलीमा जीवनको मिठास घोलेर बोल्ने एक कलाकारको । तर पर्दाको त्यो हाँसोको पछाडि केदार घिमिरेको कथा भने घाम-पानी सँगसँगै गुज्रिएको संघर्ष, असफलता र दृढताले बुनेको छ । रेडियोको सानो कोठाबाट सुरु भएको उनको यात्रा आज नेपाली हास्य-मनोरञ्जनको शिखरसम्म आइपुगेको छ र अझै पनि उनको सपनाको सूचीमा एउटा नाम बाँकी नै छ- 'साइलेन्ट कमेडी' ।

रेडियोमा अन्तर्वार्ता लिने क्रममा सुरु भएको उनको कलाकारिताप्रति आकर्षण आजसम्म पनि घटेको छैन । कहिले एक प्लेट मःमको मूल्य बराबरको पारिश्रमिकमा दिनभर छायांकन स्थलमा जोडिएको थियो । लोकप्रिय टेलिशृंखला हिजो आजका कुरा प्रसारण भइरहेका दिनमा उनले विभिन्न कलाकारको अन्तर्वार्ता लिने गर्थे । यतिबेला उनले देखेका थिए- अभिनयको संसार कस्तो हुन्छ र आफू त्यहाँ कसरी फिट हुने । यही नजिकबाट देखाइले उनलाई कलाकारितामा पाइला टेक्ने साहस दियो ।

अभिनय सिक्ने सपना लिएर उनले निर्देशक सन्तोष पन्तको घर अगाडि लामो लाइनमा 'अडिसन' दिए । भिडमा उभिएका सयौं आकांक्षीमध्ये उनी छानिनु नै, उनको भनाइमा, 'भाग्यको खेल' थियो ।

पहिलो टेलिशृंखला तीतो सत्य लोकप्रिय त भयो, तर उनलाई मनपर्ने जस्तो लामो भूमिका पाइएन । अभिनयको भूख अझै तृप्त नभएकाले उनी 'जिरे खुर्सानी'मा व्यस्थापकको रूपमा जोडिए । कामको मात्रा बढ्यो, तर भूमिका भने सानो नै ।

यही क्रममा दमन रुपाखेती र सीताराम कट्टेलसँगको सल्लाहले नयाँ यात्राको ढोका खोलेको थियो- ३५ मिनेटको 'ढिकी च्याउँ' नामक डमी एपिसोड । प्रसारण त भएन, तर त्यसैमा जन्मिएको पात्र 'माग्ने बुढा' पछि 'मेरी बासै'मा ल्याइयो । र, त्यही पात्रले उनलाई नेपाली हाँस्य-मनोरञ्जनको अग्रपंक्तिमा पुर्‍यायो ।

'मेरी बासै'ले सुरुमा सहरको कथा देखाउँथ्यो, जसले अपेक्षित दर्शक पाएन । तर गाउँको कथा र पात्रहरू ल्याएपछि सबैकै मन जित्यो । माग्ने बुढाको कपडा, बोली, बानी–सबै बुढा तरिकाले तयार पारिएको थियो । वास्तविक उमेरभन्दा निकै बुढो देखिने यो पात्र जीवनको साधारणपन र ग्रामीण स्वाद लिएर आएको थियो, जसले दर्शकलाई आफ्नो कथा जस्तो लाग्यो ।

सिनेमामा पनि चर्चित धुर्मुस-माग्ने जोडी सुरुवातमा अविभाज्य थियो । तर कट्टेल समाजसेवामा सक्रिय भएपछि घिमिरेले विल्सन विक्रम राईसँग स्टेज कार्यक्रम गर्न थाले । उनी भन्छन्, 'हामी परिवारजस्तै छौं, बीचमा सानातिना मनमुटाव हुन्छ, तर त्यो कारण विभाजित भएनौं ।'

टेलिशृंखलामा आउने उतारचढावले उनलाई र उनका साथीलाई चलचित्रतर्फ मोड्यो । दीपकराज गिरीको प्रस्तावमा समूहले छक्का पञ्जा बनायो, जसले नेपाली बक्स अफिसको इतिहास नै बदल्यो ।

हालैको छक्का पञ्जा ५ पछि दुई-तीन वर्ष यो फ्रेन्चाइज नबनाउने निर्णय भएपछि उनी बाहिरका चलचित्रमा सक्रिय भए ।

बाहिरको कामको पहिलो रोजाइ बनेको छ 'माग्ने राजा' । यो फिल्ममा उनी सहायक होइन, मुख्य भूमिकामा छन् । 'यो केवल हाँस्य फिल्म मात्र होइन, यसले एउटा गम्भीर विषय पनि उठाउँछ- नागरिकको चेतना,' उनी स्पष्ट पार्छन् ।

हालसम्मको यात्रामा उनीसामु एउटा अपूरो सपना भने बाँकी छ- साइलेन्ट कमेडी चलचित्रमा अभिनय गर्ने । उनी भन्छन्, 'संवाद नभएको फिल्मले भाषा-संस्कृतिको सिमाना तोड्छ । त्यसले मेरो कलाकारिता र नेपाली चलचित्रलाई विश्वमा पुर्‍याउँछ ।' राजनीतिमा प्रवेश गर्ने उनको कुनै सोच छैन । खाली समयमा उनी लेखनमा सक्रिय हुन्छन् । निर्देशन गर्ने योजना पनि बोकेका छन्, तर अहिले समयले साथ दिएको छैन ।

संघर्षबाट उनले सिकेका छन्- लक्ष्यमा पुग्न निरन्तरता अनिवार्य छ, नतिजा तुरुन्तै नआए पनि । 'हामीले कर्म गर्न छाड्नु हुँदैन,' उनी भन्छन्, 'खुसी आफैंमा हुन्छ, त्यसलाई बाहिर खोज्नु पर्दैन ।'

यो लामो यात्रामा माग्ने बुढाको हाँसो मात्र होइन, घिमिरेको अनुशासन, मेहनत, र सपनाको चमक पनि छ । दर्शकले उनलाई चाहेमा हाँस्न सक्छन्, तर कलाकारको मनमा भने अझै पनि नयाँ प्रयोग र अपूरो सपना बाँकी नै छ- जसको गन्तव्य सायद कुनै दिन संवादविहीन पर्दामा विश्वका दर्शकमाझ हुनेछ ।

# इन्दिरालाई 'मिसेस ग्लोबल नेपाल–२०२५'को ताज




**काठमाडौं/मस–** यो वर्षको मिसेस ग्लोबल नेपालको ताज इन्दिरा घिमिरेले पहिरिन सफल भएकी छन् । बिहीबार राजधानीको ज्यापु प्रज्ञा एकेडेमीमा सम्पन्न समारोहमा घिमिरेले निर्णायकको प्रश्नको सटिक उत्तर दिँदै ताज पहिरिएकी हुन् । ताजसँगै उनले एनएफइए लण्डन २०२६ मा सहभागी हुन इन्ट्री प्याकेजसमेत प्राप्त गरेकी छन् । कार्यक्रमको फर्स्ट रनरअप सन्ध्या नेपाल तथा सेकेन्ड रनरअप सिर्जना घिमिरे शिवाकोटी हुन सफल भए । यो हिमालयन मुभिजको आयोजनामा भएको मिसेस ग्लोबल श्रृंखला अन्तर्गत आठौं संस्करण हो ।

करिब एक दर्जन बढी प्रतियोगीहरूले प्रस्तुति दिएको सो कार्यक्रममा सबै प्रतियोगीहरू परिचय, बेस्ट ड्रेस, प्रश्नोत्तर, क्राउनिङ चरण पार गर्दै उपाधि नजिक पुगेका थिए । महिलाहरूको सौन्दर्य प्रतियोगितामा अग्रणी रहेकी चर्चित फेसन कोरियोग्राफर हिमानी सुब्बाको प्रशिक्षणमा तीन सातासम्म प्रतियोगीहरूले व्यक्तित्व विकास, बोलीचाली अभ्यास, स्टेज प्रस्तुति, फोटोसुट, क्याटवाक, बौद्धिकताको विकास, क्षमता अभिवृद्धि, सामाजिक प्रस्तुतीकरणलगायतका विषयमा ज्ञान हासिल गरेका थिए । आकर्षक ओपनिङ नृत्यबाट सुरु भएको कार्यक्रम ब्युटी विथ नेचर थिम रहेको बेस्ट ड्रेस, प्रश्नोत्तर, टप फाइभ हुँदै क्राउनिङ चरणमा सकिएको थियो । कार्यक्रमको बीचमा कलाकारहरूको प्रस्तुतिले दर्शकहरूमा उत्साह जगाएको थियो भने कोरियोग्राफर सुब्बाको विशेष क्याटवाकमा हुटिङ नै चलेको थियो ।

विविध सबटाइटल अवार्डसमेत बाँडिएको सो कार्यक्रममा मोस्ट एट्राक्टिभ इन्दिरा घिमिरे, मोस्ट डाइनामिक आशा घर्ती क्षेत्री, मोस्ट स्मार्ट लक्ष्मी खड्का राई, मोस्ट चार्मिङ कल्याणी देवी थापा, मोस्ट कन्फिडेन्ट सिर्जना घिमिरे शिवाकोटी, मोस्ट प्यासोनेट दिया बर्देबा, मोस्ट याक्टिभ रीता चौधरी, मोस्ट डिसेन्ट उमाकुमारी तामाङ, बेस्ट पर्सनालिटी मिना श्रेष्ठ, बेस्ट ट्यालेन्ट सन्ध्या नेपाल, बेस्ट फोटोजेनिक तारा तण्डुकार, मोस्ट डिलाइटफुल कविता अधिकारी, मोस्ट डिलिजेन्ट विमला अधिकारी, मोस्ट डेडिकेटेड मञ्जु राई एवं मोस्ट पपुलर तारा तण्डुकार, पब्लिक च्वाइस भिडियो रीता चौधरी, बेस्ट मल्टिमिडिया सन्ध्या नेपाल र बेस्ट ड्रेस रीता चौधरीले जित्न सफल भएका हुन् ।

कार्यक्रमको निर्णायक मण्डलमा अभिनेता तथा इभेन्टकर्मी एसराज गराच, नायक तथा निर्देशक मनिष राउत, क्यापिटल क्विन नेपाल २०२५ एवं फेसन डिजाइनर करुणा भुजेल, मिसेस मंगोल नेपाल २०२३ सरिता गुरुङ र कस्मेटोलोजिस्ट युनिषा शाही रहेका थिए । विवाहित महिलाहरूको प्रतिभा उजागर गर्नका लागि सो कार्यक्रम आयोजना गरिएको आयोजक पक्षले जानकारी दिएको छ ।

# 'हरिबहादुरको जुत्ता'को नयाँ पोस्टर सार्वजनिक




**काठमाडौं/मस–** आउँदो दसैंको फूलपाती (असोज १३) मा प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'हरिबहादुरको जुत्ता'को नयाँ पोस्टर सार्वजनिक भएको छ । सार्वजनिक पोस्टरमा फिल्मका मुख्य कलाकार हरिवंश आचार्य, प्रकाश सपूत र स्वस्तिमा खड्कालाई फिचर गरिएको छ, जसले फिल्मको हास्य-मनोरञ्जनात्मक र पारिवारिक स्वादको संकेत गर्छ ।

पोस्टरमा हरिवंश आफ्नो चर्चित 'हरिबहादुर' पात्रकै हुलियामा देखिएका छन् । उनी प्रकाशद्वारा कान समातेर स्वस्तिमासँग माफी मागिरहेको दृश्यमा छन् । निलो साडीमा स्वस्तिमा आकर्षक देखिएकी छन् भने प्रकाश सहरिया युवाको गेटअपमा प्रस्तुत भएका छन् । पोस्टरलाई विजय बस्याल र शान थापाले डिजाइन गरेका हुन् ।

पशुपति प्रसादका निर्देशक दीपेन्द्र के. खनालको निर्देशनमा बनेको फिल्ममा प्रियंका कार्की, हरिहर शर्मा, दिव्य देव, किरण केसी, राजाराम पौडेल, दिनेश काफ्ले, कमलमणि नेपाल लगायतका कलाकारको पनि अभिनय छ ।

एमएस मोसन पिक्चर्सको ब्यानरमा निर्माण भएको फिल्मका निर्माता सरोज ओली र मोहितवंश आचार्य हुन् । फिल्ममा कृष्णबहादुर थापाको छायांकन, नकुल खड्काको सम्पादन तथा वसन्त सापकोटा, दीपक शर्मा र प्रकाश सपूतको संगीत रहेको छ । पार्श्व गायनमा आशिष अविरल, समीक्षा अधिकारी, मोहितवंश आचार्य, समिर खरेल र सज्जा चौलागाईंको स्वर सुन्न पाइनेछ ।

फिल्मले राजनीतिक विषयवस्तुलाई हास्य-मनोरञ्जनको माध्यमबाट प्रस्तुत गर्ने बताइएको छ ।

# 'मोहर' र 'सिटामोल' प्रदर्शनमा

**काठमाडौं/मस–** शुक्रबारदेखि दुई नेपाली फिल्म देशभर प्रदर्शनमा आएका छन् । सौगात मल्ल र बेनिशा हमाल अभिनीत 'सिटामोल' तथा पल शाह, बेनिशा हमाल र नीति शाहको 'मोहर' एकैसाथ रिलिज भएका हुन् ।

राजबहादुर सानेको निर्देशनमा बनेको 'सिटामोल' सामाजिक कथामा आधारित छ । पूर्वमाओवादी कमाण्डरको जीवनकथालाई केन्द्रमा राखेर तयार गरिएको यो फिल्ममा सौगात र बेनिशासँगै श्रीकृष्ण निरौला, जानुका विश्वकर्मा, लोकेन्द्र लेखक, भुगोल कार्की, हिउँवाला गौतमलगायतको अभिनय छ ।

ओम प्रतिकले निर्देशन गरेको 'मोहर' भने सामाजिक-थ्रिलर विधामा बनेको छ । देउकी कुप्रथा (बाइसे-चौबिसे राज्यकालमा देवी-देवताको सेवा गर्न बालिकालाई चढाउने प्रचलन)को कथालाई आधार मानेर निर्माण गरिएको फिल्ममा बेनिशासँगै पल शाह, नीति शाह, अर्जुन जंग शाही, लक्ष्मी गिरी, मिथिला शर्मा, रवीन्द्र झा, सारा शर्मा लगायतको अभिनय छ ।दुवै फिल्मका टिजर, ट्रेलर र गीतले दर्शकमाझ सकारात्मक प्रतिक्रिया पाइरहेका छन् । प्रदर्शनको पहिलो दिन







देशव्यापी रूपमा लगभग समान संख्यामा शो पाएका यी दुई फिल्ममध्ये 'मोहर' अलिक अगाडि रहेको छ । प्रारम्भिक टिकट बिक्री केही हलमा राम्रो देखिए पनि 'वर्ड अफ माउथ'ले दुवैको व्यापारिक भविष्य तय गर्नेछ । यस वर्षको पहिलो त्रैमासिकमा नेपाली फिल्म बजार सुस्त छ । वैशाखमा प्रदर्शन भएको 'ऊनको स्वीटर' बाहेक अरु कुनै फिल्मले लगानी फिर्ता गर्न सकेका छैनन् । यही कारण, 'मोहर' र 'सिटामोल'लाई दुई महिनादेखिको व्यापारिक खडेरी तोड्ने आशामा हेर्ने गरिएको छ । तर आगामी बिहीबार रिलिज हुन लागेको हिन्दी फिल्म 'वार २'का कारण यी दुई फिल्मले छोटो समयमै लगानी उठाउनुपर्ने दबाब छ ।

रोचक संयोग के छ भने दुवै फिल्मको मुख्य अभिनेत्री बेनिशा हमाल नै हुन् । यो उनको आफ्नै दुई फिल्मबीचको पहिलो प्रत्यक्ष भिडन्त हो । ट्रेलरमा देखिएझैं दुवै कथामा उनको पात्र महत्वपूर्ण केन्द्रमा रहेको छ र दुवैमा उनले विवाहित महिलाको भूमिका निर्वाह गरेकी छन् । यदि यी दुवै फिल्म सफल भए भने दर्शक र फिल्म बजारमा उनका लागि यो 'दुवै हातमा लड्डु' जस्तै हुनेछ ।

**प्रकाशक:** **सीतादेवी श्रेष्ठ**, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**